# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सन्दकपुर गाउँपालिका
## इलाम

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सन्दकपुर गाउँपालिका

## इलाम

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सन्दकपुर गाउँपालिका

इलाम

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**२०८१।०२।१३** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

मिति:२०८१।०२।१३

प.सं. २०८०।८१
च.नं. १७३

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू ,
सन्दकपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
इलाम।

१. **कैफियत सहितको राय—** हामीले गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूची, एकीकृत आय व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ५ करोड ७५ लाख ४८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ३ लाख २० हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने १ करोड ३४ लाख ६८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ५ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ६५ लाख ५७ हजार र पेश्की फर्छ्यौट गर्नुपर्ने ६६ लाख ४९ हजार रहेको छ ।यस पालिकाको गतवर्ष सम्म रु.११ करोड ९४ लाख ८६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१६ करोड ४६ लाख २४ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी

स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा-** यो पालिकासँग सम्बन्धित अन्य व्यहोरा निम्नानुसार छन ।

**३.१** यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

**३.२** आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ।यस गाउँपालिकाका नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

**सूर्योदय गाउँपालिका,**

इलाम जिल्ला,

**१. चालु वर्षको बेरुजु २०७९।८०**

**बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६४ | १३२ | ५७५४८ | ० | ६ | ३२० | ६४ | १२६ | ५७२२८ | १३४६८ | १६५५७ | २०५५४ | ० | ० | ३७१११ | ६६४९ |

**२. अद्यावधिक बेरुजू स्थिति २०७९।८०** (रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| इलाम | ११९४८६ | ० | १२०९० | १०७३९६ | ० | ५७२२८ | १६४६२४ |

**३. बेरुजु सम्परीक्षणको विवरण**

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **२०७९।८०** | | | |
| १ | | ३१ | प्रमाण पेश नगरेको | २०८८१ |
| २ | | ६६ | खर्चको पुष्टाइप्रमाण पेश नभएको | २९५७३० |
| ३ | | ८०.२ | नर्म्स भन्दा बढी भुक्तानी | ३३०० |
| | | **जम्मा** | | ३१९९११ |

| | | | | |
|---|---|---|---|---|
| | गत विगत वर्षतर्फको | | | |
| | आव २०७७।७८को | | | ८०७९५९४ |
| | आव २०७८।०७९ को | | | ४०१०९२१ |
| | गत विगतको जम्मा | | | १२०९०५१५ |
| | कुल जम्मा | | | १२०९०५१५ |

# परिचय

## १ परिचय

(क) सन्दकपुर गाउँपालिकाको परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ५ वडा, १५६.०१ वर्ग किलोमिटर क्षेत्रफल तथा १५५२८ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।२३ देखि २०८०।०५। २९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता,

प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१८०२३१।० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क्र.स | वापत | रकम |
|---|---|---|
| १ | क्यान्टिन भाडा | ३००००.० |
| २ | नगद राजश्व | ७१०७०.० |
| ३ | सामाजिक सुरक्षातर्फ वैंकवाट फिर्ता | ७५४११.० |
| ४ | पारिश्रमिक कर | ३७५०.० |
| | **जम्मा** | **१८०२३१.०** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **सेवा प्रवाह-**सुशासन ऐन २०६४ र नियमावली २०६५ अनुसार सेवा प्रवाह प्रभावकारी बनाउनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन। पालिकाले यी व्यहोरालाई समेत ध्यान दिई उपयुक्त तरिका, बिधि अपनाई सेवाग्राही मैत्री सेवाप्रवाह गर्नुपर्दछ।

¬ टोकन प्रणाली लागू नगरेको, घरजग्गाको लगत नरहेको,

¬ पालिका भित्र रहेका साविक देखिका कृषि, पशु, स्वास्थ्य, गाउँ विकास समिति, विद्यालयका भवन, सामुदायिक भवन लगायतका संरचनाको अधिकतम उपयोग हुने गरी सेवा प्रवाहमा आवद्ध गर्नुपर्ने,

¬ वडा कार्यालय समेतमा नागरिक वडापत्र नराखेको।

¬ स्वास्थ्य संस्था नियमन नगरेको तथा ×घ" बर्गको इजाजत पत्रको अभिलेख नराखेको।

¬ सार्बजनिक सुनुवाई कार्यक्रम संचालन नगरेको।

¬ पालिकाले ऐन, नियम तथा कानून निर्माणको अभिलेख नराखेको ।

¬ सभाले तोकेको केही कार्यक्रम संचालन नगरेको।

पालिकाले वार्षिकरुपमा सम्पादन गरेका कार्यहरुको प्रगति विवरण तयार नगरेको।

सैद्धान्तिक बेरुजु

३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **गत विगतको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.१८६५००००.० भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५ **क्षेत्रगत बजेट र खर्चको स्थिति-**क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १ | आर्थिक विकास | ८५७५३४०० | ६३८२६६५४.६२ | ७४.४३ |
| २ | पूर्वाधार विकास | ८९३४९५८४ | ७९८४६४१६.०१ | ८९.३६ |
| ३ | सामाजिक विकास | १६६५१६६४३ | १५२३७३६३१.१३ | ९१.५१ |
| ४ | बातावरण तथा विकास | | | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ८८४६५१२५.६४ | ८५८०५७३५.६४ | ९६.९९ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ८२१३७००० | ७२४०८२२४.८१ | ८८.१६ |
| **जम्मा** | | **५१२२२१७५२.६४** | **४५४२६०६६२.३०** | ८८.६८ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबैभन्दा बढी ९६.९९ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ७४.४३ प्रतिशत रहेको छ।

सैद्धान्तिक बेरुजु

६ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **आवधिक योजना-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **योजना तथा वजेट कार्यान्वयन -** यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१६ करोड ५५ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन। तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ।

सैद्धान्तिक बेरुजु

९ **न्यायीक समिति—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त

विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नहरेकोमा यो बर्ष २२ वटा विवाद दर्ता भएकोमा १५ वटा मात्र फछ्र्यौट भई ६ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१० **त्रैमासिक खर्च-**त्रैमासिक खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा प्रत्येक कार्यालयले त्रैमासिक प्रगित विवरण तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

(रु.हजारमा)

| क्र.सं | बजेट उपशीर्षक | बजेट | खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | अषाढ महिना |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुंजीगत खर्च तर्फ | १८४८८१ | १५०८१८ | ४९०६ | ११५३२ | ६२१८५ | ७२१९३ | ३७८२५ |
| | प्रतिशत | १०० | ८१.५७ | २.६५ | ६.२३ | ३३.६३ | ३९.०४ | २०.४५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पूँजीगत खर्च तर्फ बार्षिक रु.१८ करोड ४८ लाख ८१ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.४९ लाख ०६ हजार अर्थात २.६५ प्रतिशत, दोस्रो त्रैमासिकमा रु.१ करोड १५ लाख ३२ हजार अर्थात ६.२३ प्रतिशत, तेस्रो त्रैमासिकमा रु.६ करोड २१ लाख ८५ हजार अर्थात ३३.६३ प्रतिशत र चौथो त्रैमासिकमा रु.७ करोड २१ लाख ९३ हजार अर्थात ३९.९३ प्रतिशत खर्च गरेको देखिन्छ । यसरी नै आषाढमा मात्र रु.३ करोड ७८ लाख २५ हजार अर्थात २०.४५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ । स्वीकृत कार्यक्रमअनुसार चौमासकि रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **कर तथा शुल्क असुली -** कर तथा शुल्क असुलीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल

विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २२००००० | 1९१२१४२.३५ | ८६.९२ |
| घरजग्गा वहाल कर | ५०००० | १६४९९६.३६ | ३२९.९९ |
| व्यवसाय कर | १000000 | २७७२५५.० | २७.७३ |
| वहाल विटौरी शुल्क | ५0000 | ६६०००.० | १३२.० |
| | ३३00000 | २४२०३९३.71 | ७३.३४ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २७४३४३४०८.६२ | ७०३१००३.३६ | २.५६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.५६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१३ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१००८१०००.० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.७०३१००३.३६ अर्थात अनुमान भन्दा ३०.२५ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

१४ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **रकमान्तर -** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेतअन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ। यस पालिकामा गाउँ सभाको निर्णय बमोजिम विभिन्न शीर्षकमा कुल रू.२ करोड ७३ लाख २६ हजार अर्थात विनियोजित बजेट रु.३९ करोड ५५ लाख ७१ हजारको ६.९० प्रतिशत रकमान्तर गरी खर्च गरेको छ। विनियोजित शीर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन। यसमा सुधार हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **योजनाको प्राथमिकीरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १९२ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ९५ | ८ | २१ | ६६ |
| २. | वडा स्तरीय | ९७ | ० | ९ | ८८ |

उपर्युक्त विवरण अनुसार पालिकाले वस्तुनिष्ठ तवरले प्राथिमिकरण र छनौट गरी योजना बनाउनुपर्नेमा नगरस्तरिय योजना १० वटा वडामा समेत योजनाको नाम नखुलाई प्रत्येक वडामा १-१ वटा योजना भनी रकम विनियोजन गरेको(सुत्रमा प्रविष्ठि भएको विवरण अनुसार)मा उक्त विनियोजन रकमबाट ९५ वटा पालिकास्तरिय योजना र ९७ वटा वडा स्तरीय योजनामा खर्च गरेको देखिन्छ। पालिकामा साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका १९२ उल्लेखित योजना मध्ये १४६ योजनामात्र कार्यान्वयन भई ४६ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१७ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु

गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रममा रु.७ लाख २९ हजार खर्च गरेको छ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास लक्ष्य (२०१५-३०) कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन। सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन,२०४९ बमोजिम यस पालिकाकामा कार्यरत ३४ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१७ लाख ९७ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

• कार्यालयले सवारी साधनको सवारी विमा गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१८ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही

ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले मिति २०७९।३।१० मा रु.३९ करोड ५५ लाख ७१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।११ पारित भएको छ। यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

१९ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका ६ कर्मचारीको रु.२६३३५५०.० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२० **जिन्सी दाखिला तथा संरक्षण-**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन 2076 को दफा 28 मा जिन्सी मालसमान कार्यालयमा प्राप्त भएको सात दिनभित्र यथास्थानमा दाखिला गरि स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली 207७ को नियम 95 मा कुनै प्रकारबाट कार्यालयमा प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसमान को विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सातदिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने उल्लेख छ । जिन्सी मालसमान कार्यालय प्रमुखको रेखदेखमा भण्डार प्रमुखले जिम्मा लिनुपर्ने, मूल्य नखुलेको सम्पत्ति कार्यालय प्रमुखबाट मूल्य कायम गरी श्रेस्ता राख्नुपर्ने, नियम 99 मा जिन्सी मालसामानको निरिक्षण गर्नुपर्ने, नियम 101 मा जिन्सी मौज्दातको वार्षिक विवरण तयार गर्नुपर्ने लगायतका जिन्सी श्रेस्ता सम्बन्धी व्यवस्था छ। जिन्सी श्रेस्ता व्यवस्थित गर्न मलेप फारम नम्बर 40१ देखी ४18 सम्म फारमहरु लागू भएको छ भने जिन्सी हिसाब तथा श्रेस्ता राख्नको लागि महालेखा नियन्त्रक कार्यालयले 2077।4।1 देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ। 2077।78 देखि अनिवार्य उक्त प्रणालीमा जिन्सी अभिलेख राख्नु पर्दछ। त्यस कार्यालयले PAMS लागू गरेतापनि गत वर्षसम्मको अल्या जिम्मेवारी नसारेको, यो वर्ष खरिद भएको सबै सामाग्रीको जिन्सी दाखिला नगरेको, यो वर्ष खर्च भएका जिन्सी मौज्दातबाट पूर्ण रुपले नघटाएको, जिन्सीको व्यवस्थित अभिलेख नराखेको, खरिद भएका खर्च हुने प्रकृतिका सामान समेत माग फारमबाट खर्च घटाउने गरेको, जिन्सी निरीक्षण नगरेको, जिन्सीको वार्षिक विवरण तयार नगरेको स्थिति भएकोले जिन्सी सम्बन्धमा गाउँपालिका स्थापना भएदेखि कै सामान खरिदको विवरण सम्बन्धमा छानबिन गरी के कति सामान खरिद भएको छ, ती सामान कहाँ के कस्तो अवस्थामा के-कस्को जिम्मामा रहेको छ यकिन गर्नुपर्ने स्थिति देखिएको छ। यससम्बन्धमा कार्यालय प्रमुखले उचित ध्यान दिएको देखिएन। अतः जिन्सी सामान सम्बन्धमा गाउँपालिका स्थापना भएकै अवधि देखि कै खरिद सम्बन्धी विवरण तयार गरी PAMS ENTRY गरी सम्पत्ति तथा मालसामान संरक्षण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहायका कार्यक्रमम ३ निर्माण व्यवसायीलाई रु.५९८९१६५.८४ पेश्की दिएको छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ।

| क्र.स. | पेश्कीको विवरण | निर्माण व्यवसायीको नाम | पेश्की रकम |
|---|---|---|---|
| १ | कभर्ड हल निर्माण देउराली | बाबरी निर्माण सेवा | ५,५५,८४०.०० |
| २ | माइपोखरी/जोरपोखरी एकिकृत पर्यटकीय पार्क निर्माण | भगवती निर्माण सेवा | ३५,६९,४७५.८४ |
| ३ | माबु स्वास्थ्य चौकी सन्दकपुर -४ भवन निर्माण | आर. एन. कन्स्ट्रक्सन | १८,६३,८५०.०० |
| | | **जम्मा** | **५९,८९,१६५.८४** |

सैद्धान्तिक बेरुजु

२२ **पेश्की बाँकी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.१२६३७८८८.५३ बाँकी रहेको देखिन्छ। सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.६६४८७२२.६९ फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु..

| क्र.स. | पेश्कीको विवरण | उपभोक्ता समिति तथा व्यक्तिको नाम | पेश्की रकम |
|---|---|---|---|
| १ | भोटे खोल्सी सिंचाइ योजना | भोटे खोल्सी साना सिचाई आयोजना जल उपभोक्ता संस्था | ५, २७ , ७२२.६९ |

| | | | |
|---|---|---|---|
| २ | एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम (माध्यमिक विद्यालय) | सरस्वती मा.वि | ५, २५ , ०००.०० |
| ३ | नयाँ कुलो सिंचाइ योजना | नयाँ कुलो सिंचाई जल उपभोक्ता संस्था | २६, ५० , ०००.०० |
| ४ | बाँदरे टारसिंह सिंचाई योजना | बाँदरे टार डाँडा(निगुरे) सिंचाई जल उपभोक्ता संस्था | ६, ७१ , ०००.०० |
| ५ | बाँदरे टारसिंह सिंचाइ योजना | बाँदरे टार डाँडा(निगुरे) सिंचाई जल उपभोक्ता संस्था | १०, ०० , ०००.०० |
| ६ | सन्दकपुर महोत्सव तथा अन्य | इलाम न.पा नगर पर्यटन प्रवर्धन समिति | २, ०० , ०००.०० |
| ७ | मावुथाम भ्युटार | माबु थाम भ्यु टावर उ.स. | ५, ०० , ०००.०० |
| ८ | कोन्द्रेप्याङ खोला, त्रिवेणी झो.पु.माईखोला , सन्दकपुर ४ र २ , जोरकटेरी अथर्वा झो.पु. सनदकपुर—५ , वतासे सिस्ने फेदी झो.पु. , सन्दकपुर— ५ ईलाम | जोर कटेरी अर्थ झोलुङ्ग पुल निर्माण उ.स | २, ६० , ०००.०० |
| ९ | संचार तथा अन्य महसुल | किरण कुमार गुरुङ्ग | ५,०००.०० |
| १० | संचार तथा अन्य महसुल | किरण कुमार गुरुङ्ग | ५,०००.०० |
| ११ | संचार तथा अन्य महसुल | किरण कुमार गुरुङ्ग | ५,०००.०० |
| १२ | अन्य सहायता | अ.स.ई. रमेश भट्टराई | ३०००००. |
| | | जम्मा | ६६४८७२२.६९ |

| | |
|---|---|
| पेश्की | ६६,४८,७२२.६९ |

२३ **खाना तथा विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको आन्तरिक आय रु.७० लाख रहेकोमा पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु.४३ लाख

८७ हजार र सभा संचालन खर्च रु.३ लाख ४४ समेत यस वर्ष रु.४७ लाख ३१ हजार खर्च गरेको पाईयो। जुन आन्तरिक आयको ६७.१२ प्रतिशत देखिएकोले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२४ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.१० हजार देखि रु १ लाख सम्म कूल रु.७६ लाख ३५ हजार आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२५ **फोहोरमैला व्यवस्थापनः** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **सञ्चित कोषमा स्थानान्तरण-**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको पुँजीगत खातामा रु.२५४०००.० मौज्दात रहेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२७ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.६७७१९६७२.० र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४६२८५०.० समेत गरी रु.६८१८२५२२.० सुत्रमा लेखा राखेको छैन। जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थः पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२८ **फरक हिसाव -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.५७९३५९९.०, यस वर्षको प्राप्ति रु.९९७५६७६.०३यस वर्षको भुक्तानी रु.९४९८३४६७.०३ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ९९५५२९३४.०५ | ३८०८१५९३२.७९ | ४६३३०४७८८.१९ | १६०४३७७८.६५ |
| एकीकृत आर्थिक विवरण अनुसार | ९३७५९३३५.०५ | ४८०५७२६९९.८२ | ५५८२८८२५५.२२ | १६०४३७७८.६५ |
| फरक | ५७९३५९९.० | ९९७५६७६.०३ | ९४९८३४६७.०३ | ० |

सैद्धान्तिक बेरुजु

२९ **फरक जिम्मेवारी -** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। तर पालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.९,३७,३९,६३४.०५ मौज्दात रहेकोमा पालिकाले पेश गरेको एकिकृत आ.वि. तथा बैक स्टेटमेन्ट अनुसार मौज्दात रु.९३७५९३३४.०५ रहेको देखियो। जसले गर्दा गत वर्षको म.ले.प. प्रतिवेदनमा उल्लेख भएको बैक मौज्दात र एकिकृत आ.वि. तथा बैक स्टेटमेन्ट अनुसार रु.१९७००.० जिम्मेवारी फरक परेको देखियो। उक्त रकम गत आ.व.को चेक साट्न बाँकी रहेको कारण फरक परेको देखियो।

सैद्धान्तिक बेरुजु

३० **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना

व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४१ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **मूल्य अभिवृद्धि कर कट्टी -**मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (एक्काइसौं संशोधन) को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले निम्नानुसारको खरिद कार्यमा नियमावलीमा भएको व्यवस्था अनुसारको तीस प्रतिशत मू अ कर कट्टा नगरी रु.१५१४९५.० भुक्तानी दिएकोले उक्त रकमको मु अ कर समायोजन पत्र पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मुअकर कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|
| ३२-२०७९/०९/१२ | हनुमान फर्निसिङ्ग स्टोर्स | ४९९९१२ | ५७५१२ | १७२५४ |
| २३२-२०७९/१२/०७ | तपस्या विजनेश मेनेजमेन्ट प्रा.लि | ४२४००४ | ४८७७९ | १४६३४ |
| ४७२-२०८०/०३/२४ | पुर्वाअञ्चल स्कील एण्ड ईन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा.लि | १०९६६६० | १२६१६४ | ३७८४९ |
| ४७२-२०८०/०३/२४ | बुलन्द मल्टिटेक्निकल मिडिया प्रा.लि | २९५००० | ३३९३ | १०१८ |
| २९४-२०८०/०१/१९ | डि.सि सेल्स एण्ड मेन्टिनेन्स | ८५७५१५ | ९८६५१ | २९५९५ |

| | | | | |
|---|---|---|---|---|
| ४६४-२०८०/०३/२४ | ग्रामिण महिला तथा बाल स्वास्थ्य समुह नेपाल | ४८८१६० | ५६१६० | १६८४८ |
| ४४०-२०८०/०३/२१ | नेशनल इन्कुवेशन एण्ड रिसर्च सेन्टर प्रा.लि | ३८८७२० | ४४७२० | १३४१६ |
| | | | जम्मा | १३०६१४ |

मिति **२०८१-१-२३** मा **क्रिशल प्रिन्टिङ्ग एण्ड सप्लायर्स प्रा.लि** को **२०,८८१** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको

**प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८१।१।२३ को निर्णयबाट रु.२०८८१।-सम्परीक्षण गरिएको ।**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३०,६१४ |

३२ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्ती गरी तलव भत्ता रु.९४७९६०.० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्ती गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएकोले दरबन्दी अनुसार स्थायी कर्मचारी पदपूर्ती तर्फ ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३३ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाले कानुन तथा कार्यविधि नबनाई प्रमुख प्रशासकिय अधिकृतलाई निजले खाईपाई आएको तलब स्केलको ५० प्रतिशत हुन आउने रकम कार्यपालिकाको निर्णय गरी रु.३०५८१४.० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३४ **पदाधिकारी यातायात खर्चः**प्रदेश सभाद्वारा जारी गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ को अनुसूची १(क) मा सवारी साधन उपलब्ध नभएमा यातायात खर्चबापत वडा अध्यक्षलाई मासिक रु.४०००.० सुविधाको व्यवस्था गरेको छ। पालिकाले वडा नं.३ का वडाअध्यक्ष लिल बहादुर

वुर्जा र वडा नं.१ का वडा अध्यक्ष रहर कुमारलाई १-१ थान दुईपाङ्ग्रे सवारीसाधन उपलब्ध गराएको अवस्थामा समेत मासिक यातायात सुविधा उपलब्ध गराएको देखिएकोले निजहरुबाट जनही रु.४८०००.० का दरले रु.९६०००.० दोहोरो यातायात खर्च सुविधा असुल हुनुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९६,००० |

३५ **अनुगमन प्रतिवेदनः** प्रदेश सभाद्वारा जारी गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ को अनुसूची १(क) मा अनुगमन भत्ता मासिक रुपमा गा.पा.अध्यक्षलाई रु.१००००.०, उपाध्यक्षलाई रु.१००००.०, वडा अध्यक्षलाई रु.४०००.० र का.पा.सदस्यलाई रु.२०००.० का दरले भुक्तानी गर्ने व्यवस्था उल्लेख छ। उक्त सुविधा भुक्तानी गर्दा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेको छ। तर पालिकाले अनुगमन भत्ताबापतको मासिक सुविधा अनुगमन प्रतिवेदन वेगर रु.६२४०००.० भुक्तानी गरेकोले अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२४,००० |

३६ **प्र.अ.प्रोत्साहन भत्ताः** पालिकाले २६ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई प्रोत्साहन भत्ता बापत बार्षिक रु.४०२०००.०, यातायात खर्चबापत रु.४००००.० र संचार बापत रु.६७०००.० समेत रु.५०९०००.० विद्यालयको खातामा निकासा गरेको छ। पालिकाको आर्थिक वर्ष ०७९।८० को आन्तरिक आय रु.७०३१००३.० मात्र रहेको अवस्थामा उक्त प्र.अ.प्रोत्साहन रकम समानिकरण अनुदानबाट निकासा दिएको देखिएकोले आन्तरिक आयबाट निकासा दिनुपर्दछ भने आन्तरिक आयलाई वृद्धि गर्दै यस्ता खर्चलाई नियन्त्रण गर्दै लैजानुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३७ **दोहोरो यातायात खर्चः** प्रदेश नं १ सरकारद्वारा जारी गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५ मा गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने विभिन्न सुविधाहरु उल्लेख छ । जसमा कार्यालयको सवारी साधन सुविधा लिएका पदाधिकारीलाई यातायात खर्च उपलब्ध नहुने व्यवस्था छ भने सवारी साधन सुविधा नलिएका पदाधिकारीलाई दोहोरो नपर्ने गरी तोकिएको दरमा यातायात खर्च उपलब्ध हुने उल्लेख छ । पालिकामा २ वटा सरकारी र १ वटा भाडाको समेत ३ वटा चारपाङ्ग्रे सवारी साधन रहेको अवस्थामा पालिका अध्यक्ष र उपाध्यक्षले १-१ वटा प्रयोग गरेको देखियो। पालिकाको आफ्नै सवारी साधन हुँदा हुँदै पालिकाभित्र विभिन्न ठाउमा अवलोकन तथा कार्यक्रममा सहभागी हुँदा गाडी रिजर्भ गरेर गएको भनी गाउँपालिका अध्यक्षले प्रयोग गरेको गाडीभाडा वापत रु.१५५४००.० गाडी भाडामा खर्च लेखेको देखियो। कुन मितिमा कुन सवारी साधन भाडा लिएको हो सो नखुलेको, सवारी धनी र पालिकाविच सम्झौता समेत भएको देखिएन। यसरी ऐनमा यातायात खर्च वापत दोहोरो सुविधा उपलब्ध नहुने स्पष्ट व्यवस्था हुँदाहुँदै पालिकाको सवारी साधन लिएको अवस्थामा पुनः भाडाको सवारी साधन प्रयोग गरेको भनी खर्च लेखेको नियमसम्मत नदेखिएको रु....

| | |
|---|---|
| अनियमित भएको | १,५५,४०० |

३८ **सफ्टवेयर खरिद** -नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.१७३४३९५.० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

| **भौ नं./ मिति** | **भुक्तानी पाउने संस्थाको विवरण** | **बापत** | **रकम** |
|---|---|---|---|
| २९४-२०८०/०१/१९ | डि.सि सेल्स एण्ड मेन्टिनेन्स | सि.सि.टिभि जडान | ८५७५१५ |
| ४६४-२०८०/०३/२४ | ग्रामिण महिला तथा बाल स्वास्थ्य समुह नेपाल | तथ्याङ्क व्यवस्थापन तथा सर्भर जडान वापतको वार्षिक रकम | ४८८१६० |
| ४४०-२०८०/०३/२१ | नेशनल इन्कुवेशन एण्ड रिसर्च सेन्टर प्रा.लि | एकिकृत सुचना तथा सेवा व्यवस्थापन प्रणाली सफ्टवेयरको वार्षिक मर्मत खर्च | ३८८७२० |
| | | **जम्मा** | **१७३४३९५** |

सैद्धान्तिक बेरुजु

३९ **किवी पकेट विकास कार्यक्रमः** आ.व.२०७८।७९ मा स्थापना भएको किवी पकेट विकास कार्यक्रमको निरन्तरता अन्तर्गत रु.६०००००.० र नयाँ किवी पकेट विकास कार्यक्रम संचालन चालु अन्तर्गत रु.१२०००००.० समेत रु.१८०००००.० विनियोजन भएकोमा भौ.न.१७९ बाट उक्त कार्यक्रम संचालनबापत रु.१८०००००.० भुक्तानी भएको स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छनः

३९.१ अनुगमन प्रतिवेदनः प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल,२०७७ मा पकेट विकास कार्यक्रम अन्तरगत संचालन भएका कार्यक्रमहरुको स्थानीय तहको सम्बन्धीत शाखाले निरन्तर अनुगमन गरि प्रतिवेदन पेश गर्ने व्यवस्था रहेको छ। आ.व.२०७८।७९ मा स्थापना भएको किवी विकास कार्यक्रम निरन्तरता र नयाँ किवी पकेट विकास कार्यक्रम संचालन कार्यको लागि भौ.न.१७९-०७९।०३।२४ बाट च्यापकटर ८१ थान, मिनिटिलर ६ थान, HDP पाईप ७२०० मिटर तथा कृषि चुन

र किवीको विरुवा २७२ थान खरिद तथा वितरणबाट ४ वटा सप्लार्यसलाई भुक्तानी गरेको देखियो। किवी खेती प्रर्वद्धनका कार्यक्रम अन्तर्गत किवी पकेटलाई विकास कार्यमा अनुदान रकम खर्च गर्नुपर्नेमा कृषक माग अनुसार च्यापकटर, मिनिटिलर लगायतका अन्य कृषि सामाग्री खरिद गरेको देखियो भने पालिका र कृषकको लागत साझेदारीमा रु.३६०००००.० रकम बराबरको कृषि सामाग्री खरिद गर्दा किवी खेतीसँग सम्बन्धीत सामाग्री अर्गात किवीका विरुवा खरिद बापत रु.५४४००.० मात्र खर्च भएको देखिएकोले जुन प्रयोजनका लागि अनुदान खर्च गर्नुपर्ने हो सो प्रयोजनमा खर्च भएको देखिएन। विगत वर्षमा समेत किवी पकेट विकास कार्यक्रम संचालन भएको र सो समयमा समेत कृषि सामाग्री खरिद तथा वितरण भएको, उक्त कृषि सामाग्री हाल कस्तो अवस्थामा रहेको, वितरण गरेको सामाग्री प्रयोगबाट किवी उत्पादनमा के कति वृद्धि भएको, कृषकहरुको जिवनस्तरमा के कस्तो परिवर्तन भएको छ सो को अनुगमन गरि प्रतिवेदन पेश नगरी पुनः कृषि सामाग्री तथा किवी विउ खरिद गरी वितरण गरेको भरपाई पेश गरेको तथा कार्यसम्पन्न प्रतिवेदन पेश गरेको देखिएकोले कृषि शाखाबाट उक्त पकेट क्षेत्रको अनुगमन गरि विगत र यस वर्ष खरिद गरि वितरण गरेका कृषि सामाग्री तथा उपकरणहरुको प्रयोग र हालको के कस्तो अवस्थामा रहेको छ सो को अनुमगन प्रतिवेदन पेश हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३९.२ बढी अनुदानः प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७.१ मा कृषि उत्पादन सामाग्रीहरुमा बढीमा ५० प्रतिशत अनुदान दिने व्यवस्था रहेको छ। तर किवी पकेट अन्तर्गत किविको विरुवा बापत रु.५४४००.० र कृषि चुन बापत रु.५६०००.० समेत रु.११०४००.० शत प्रतिशत अनुदान दिएकोले बढी अनुदान रकम रु.५५२००.० सम्बन्धित लाभग्राहीबाट असुल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु.......

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५५,२०० |

४० **खायन आलु उत्पादन कार्यक्रमः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल,२०७७ मा पकेट विकास कार्यक्रम अन्तरगत संचालन भएका कार्यक्रमहरुको स्थानीय तहको सम्बन्धीत शाखाले निरन्तर अनुगमन गरि प्रतिवेदन पेश गर्ने व्यवस्था रहेको छ। ५० प्रतिशत लागत साझेदारीमा खायन आलु उत्पादन कार्यक्रम संचालनको लागि ४ वटा कृषक समूहलाई प्रति समुह आलुको विउ ४७०० के.जि., सिचाई पाईप २५०० मिटर मिनिटिलर १ थान समेत गरी रु.७०००००.० मध्ये कार्यालयबाट रु.३५००००.० का दरले रु.१४०००००.० भुक्तानी गरेको देखियो। आलु खेती प्रर्वद्धनका कार्यक्रम अन्तर्गत विगत वर्षमा समेत उक्त कार्यक्रम संचालन भएको र सो समयमा समेत कृषि सामाग्री खरिद तथा वितरण भएको, उक्त कृषि सामाग्री हाल कस्तो अवस्थामा रहेको, वितरण गरेको सामाग्री प्रयोगबाट आलु उत्पादनमा के कति वृद्धि भएको, कृषकहरुको जिवनस्तरमा के कस्तो परिवर्तन भएको छ सो को अनुगमन गरि प्रतिवेदन पेश नगरी पुनः कृषि सामाग्री तथा विउ खरिद गरी वितरण गरेको भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन पेश गरेको देखिएकोले कृषि शाखाबाट उक्त पकेट क्षेत्रको अनुगमन गरि विगत

र यस वर्ष खरिद गरि वितरण गरेका कृषि सामाग्री तथा उपकरणहरुको प्रयोग र हालको के कस्तो अवस्थामा रहेको छ सो को अनुमगन प्रतिवेदन पेश हुनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१ **कृषि प्राविधिक तलबभत्ताः** पालिकाले कृषि तथा पशु सेवाका एक गाँउ एक प्राविधिकहरुको तलब भत्ताबापत रु.७८९६४८.० भुक्तानी गरेको देखियो। ३ जना प्राविधिकहरुलाई संघीय सर्शत अनुदानबाट ६ महिना र बाँकी ६ महिनाको गाउँ पालिका चालु खर्च शिर्षकबाट तलब भत्ता भुक्तानी हुनुपर्नेमा ७ महिनाको तलब भत्ता निकासा भएकोले १ महिनाको बढी निकासा भएको रु.९८७०६.० नियमसम्मत नदेखिएको रु....

| | |
|---|---|
| अनियमित भएको | ९८,७०६ |

४२ **बढी अनुदान निकासाः** कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० को क्रियाकलाप न.२.७.१३.११ मा अनौपचारिक प्रौढ विद्यालय सञ्चालन अनुदान अन्तर्गत कक्षा १-५ सञ्चालित विद्यालयका लागि एकमुष्ठ रु.२ लाख ४१ हजार अनुदान निकासा गर्ने व्यवस्था रहेको छ। तर पालिकाले भौ.न.७१-०८०।१।२८ बाट रामेश्वर गुरुकुलम वेद पाठशालालाई रु.२४५४००.० अनुदान निकासा दिएको देखिएकोले बढी निकासा रु.४४००.० सम्बन्धित पाठशालाबाट फिर्ता/असूल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु......

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,४०० |

४३ **परामर्श खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार तथा नियम १४ मा लागत अनुमानको स्वीकृती र सोही नियमावलीको नियम ६९ मा परामर्शबाट खरिद गर्दा कार्य क्षेत्रगत शर्त तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले नियमावलीमा भएको व्यवस्था विपरित लागत अनुमान तयार नगरी विनयोजित रकमलाई नै आधार मानि ३ वटा प्रस्तावना माग गरी परामर्शबाट निम्नानुसार कार्यबापत रु.६३९१९१८.० भुक्तानी दिएको देखियो। पालिकाले परामर्श कार्यको लागि माग गरेको प्रस्तावनामा परामर्शदाताहरु दोहोरीएका, ति दोहोरिएका परामर्शदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव १ प्रतिशत पनि न्यून नरहेकोले परामर्श खरिद कार्य पारदर्शिता र शंकारहित छ भन्न सक्ने अवस्था देखिएन। पालिकाले लागत अनुमान तयार नगरेको कारणले गर्दा कतिपय परामर्शदाताले पेश गरेको आर्थिक प्रस्तावनामा समेत प्रचलित खर्चमापदण्ड भन्दा बढि रकमको प्रस्तावना पेश भएको र सोही अनुरुप भुक्तानी भएको देखिएकोले आगामी वर्षमाहरुमा यसरी बजेट विनयोजन शिर्षकगत परामर्श खरिद गर्नुभन्दा एउटै प्याकेज बनाई खर्च गर्नुपर्ने देखिन्छ भने पालिकाले सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था अनुरुप लागत अनुमान बनाई खरिद गर्ने कार्य तर्फ ध्यान दिनुपर्दछ।

| भौ नं./ मिति | भुक्तानी पाउने संस्थाको विवरण | वापत | खर्च |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ६६-<br>२०७९/०८/१८ | पुर्वाअञ्चल स्कील एण्ड ईन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा.लि | गाउँपालिकाको सामाजिक परिक्षण | ४९७००० |
| १३६-<br>२०७९/०९/२९ | पुर्वाअञ्चल स्कील एण्ड ईन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा.लि | जनप्रतिनिधिहरुको क्षमता विकास तालिम कार्यक्रम | ६९६६४५ |
| २३२-<br>२०७९/१२/०७ | तपस्या विजनेश मेनेजमेन्ट प्रा.लि | कृषि उद्यम तथा व्यवसायिहरुलाई लेखा व्यवस्थापन तथा कर परामर्श सम्बन्धि कार्यक्रम | ४२४००४ |
| २५२-<br>२०७९/१२/१९ | क्रिशल प्रिन्टिङ्ग एण्ड सप्लायर्स प्रा.लि | सन्दकपुर गाउँपालिकाको विभिन्न क्षेत्रहरुलाई समेटेर निर्माण गरिएको फोटोबुक | ६००००० |
| ३११-<br>२०८०/०२/०१ | रौताहा टेक्निकल कलेज प्रा.लि | कर्मचारी क्षमता विकास तालिम कार्यक्रम | 497200 |
| ३७८-<br>२०८०/०३/०८ | नेशनल टेक्निकल ईन्सिटच्युट प्रा.लि | सेवा प्रभाहमा प्रभावकारीता अभिवृद्धि कार्यक्रम | ७९६६६० |
| ३७९-<br>२०८०/०३/०८ | पिरामिड टेक्निकल इन्स्टिच्युट प्रा.लि | व्यवसायिक जडिबुटी खेती तथा सम्भाव्यता अध्ययन प्रतिवेदन प्रतिवेदन तयार गर्ने | ९८८७५० |
| ३९८-<br>२०८०/०३/१५ | हिलिहाङ्ग एडभर्टाजिङ्ग एण्ड प्रोडक्सन प्रा.लि | सन्दकपुर गाउँपालिकाको १० पर्यटकिय स्थलको भिडियो निर्माण | ४९९९९९ |
| ४७२-<br>२०८०/०३/२४ | पुर्वाअञ्चल स्कील एण्ड ईन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा.लि | मध्यकालिन खर्च संरचना तयार | १०९६६६० |

| | | | |
|---|---|---|---|
| ४७२-२०८०/०३/२४ | बुलन्द मल्टिटेक्निकल मिडिया प्रा.लि | पर्यटन प्रर्वधनका लागि भिडियो निर्माण | २९५००० |
| | | **जम्मा** | **६३९१९१८** |

सैद्धान्तिक बेरुजु

४४ **लाभग्राहीको विवरण प्रविष्टि गर्ने** -सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु वर्षमा समाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नारिकको हकमा नियमावलीको नियम ५ को उपनियम (२) बमोजिम संरक्षक वा माथवर व्यक्ति मार्फत वाहेकका नवीकरणको लागि लाभग्राही स्वयम् उपस्थित भई निवेदन गरेकोमा वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणाली (MIS) मा प्रविष्टि गरी नवीकरण गर्नुपर्ने व्यवस्था छ। यसरी म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरी निजले पुनः लाभग्राहीमा सूचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिई सेवा लिन सक्ने व्यवस्था गरेको छ। यसरी लाभग्राहीको नाम प्रणालीमा अद्यावधिक नगरी भत्ता वितरण भएमा उक्त रकम भुक्तानी खर्च लेख्ने अधिकारी र लेखा राख्ने कर्मचारीबाट दामासाहीले असुल उपर गरिने व्यवस्था सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ५ को उपदफा (३) मा उल्लेख गरेको छ। यस पालिकाले लाभग्राहीको नविकरणको लागि निवेदन वेगर एकमुष्ठ विगतको संख्या वरावर नै नविकरण गरेको छ। यसबाट बसाई सराई गरी गएका, मृत्यु भएकाहरुको लगत कट्टा नगरेकोले उल्लेखित कानुनको पालना भएको छैन। निर्देशिका वमोजिम लगत अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **पारदर्शिता र जवाफदेहिता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेको साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस पालिकाले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन ।

सैद्धान्तिक बेरुजु

४६ **सार्वजनिक सुनुवाई** - स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सार्वजनिक सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गर्ने परिपाटी वन्द गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **निरीक्षण तथा अनुगमन** -सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकोले कार्यविधि अनुसारको कार्य भएको पाइएन ।

सैद्धान्तिक बेरुजु

४८ **सामाजिक सुरक्षातर्फ बढी निकासा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। तर पालिकाले निम्नानुसार लाभग्राहीको मृत्यु भइसके तापनि लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेकोले लाभग्राहीको लगत अद्यावधिक गरी बढी खर्च लेखेको रकम असूल गर्नुपर्ने रु.

| क्रम संख्या | लाभग्राहीको नाम | वडा नं. | मृत्यु भएको मिति | मृत्यु पछि भुक्तानी भएको रकम | जम्मा पाउने रकम | अशुल गर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|
| १ | हेम बहादुर गुरुङ्ग | २ | १०/०६/२०७९ | १२००० | ९३३० | २६७० |
| २ | बोधवीर राई | २ | १३/०६/२०७९ | १२००० | ९७३० | २२७० |
| ३ | मनिराज लिम्बु | ४ | १५/०५/२०७९ | १२००० | ५९९५ | ६००५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | याम बहादुर गुरुङ्ग | ५ | ३०/०३/२०७९ | २४००० | ० | २४००० |
| **जम्मा** | | | | ६०००० | **२५०५५** | **३४९४५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,९४५ |

४९ **एम.आई.एस.प्रणालीः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ। यस बर्ष पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणमा रु.६७७१९६७२।०० खर्च गरेकोमा यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सुचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि समयमा मृत्य दर्ता प्रमाणपत्र एवं वसाईसराई गरेको विवरण पालिकामा नआउँदा र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक नहूदाँ एक त्रैमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको विवरण एम आई एस सफ्टवेयर प्रणालीमा अद्यावधिक भएको छैन। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउन ध्यान दिनु पर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५० **सन्दकपुर महोत्सवः** मिति ०७९।१२।२४ देखि ०८०।०१।१० सम्म संचालन भएको प्रथम सन्दकपुर महोत्सवको लागि पालिकाले भौ.न.४७१-०८०।३।२४ बाट प्रथम सन्दकपुर महोत्सव २०७९।८० मुल आयोजक कमिटिलाई रु.१९८००९३.० भुक्तानी गरेको देखियो। उक्त कमिटिले पेश गरेको विल भरपाईहरुमध्ये खाना, खाजा तथा बास शिर्षकमा रु.७६९५१५.० खर्च उल्लेख गरेकोमा खाना खाजा को विल भरपाईमा मिति उल्लेख नभएको, स्टल निर्माणबापत रु.२७७५००.० खर्च उल्लेख गरेकोमा सो खर्चलाई प्रमाणित गर्ने विल भरपाई पेश नभएको, सांस्कृतिक साँझ कार्यक्रम अन्तर्गत कलाकार खर्च शिर्षकमा रु.६७३०००.० उल्लेख गरेकोमा कुन कलाकारलाई कति रकममा सम्झौता भएको हो को प्रमाण पेश नभएकोले कमिटिले पेश गरेको विल भरपाई सोही महोत्सवको लागि नै खर्च भएको हो भन्न सक्ने अवस्था देखिएन। पालिकाले रु.१९८००९३.० महोत्सव कमिटिलाई भुक्तानी दिएकोमा उक्त महोत्सवबाट के कति आम्दानी भयो, उक्त आम्दानी पालिकाको आन्तरिक आयमा उल्लेख नभएकोले आगामी दिनहरुमा यस्ता कार्यक्रम गर्दा आन्तरिक आय बढाई लागत साझेदारीमा कार्यक्रम गरी खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५१ **लघु उद्यम विकास कार्यक्रमः** लघु उद्यम विकास कार्यक्रम अन्तर्गत रु.२८ लाख ६० हजार विनियोजन भएको मध्ये रु.२८ लाख २७ हजार खर्च भएको देखियो। उक्त स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छनः

५१.१ प्राविधिक सिप विकास तथा स्तरोन्नती तालिमः गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ। पालिकाले भौ.न.९७-०८०।०३।०४ बाट रौताहा टेक्निकल कलेज प्रा.लि. लाई सीप विकास तालिम (गाईपालन, सुपारीको टपरा बनाउने, सिलाई कटाई तथा व्यूटिसियन लगायतका) बापत रु.१४५१३२७.० खर्च गरेको छ। पालिकाले उद्यशीलता विकास तालिम नलिएका र जेसीएमआईएस सफ्टवेयर तथ्याङ्क अद्यावधिक नभएका व्यक्तिहरु समावेश गरी तालिम सञ्चालन गरेकोले प्रति सहभागी लागतको आधारमा रु.१४५१३२७.० भुक्तानी गरेको अनियमित भएको रु.......

| अनियमित भएको | १४,५१,३२७ |
|---|---|

५१.२ निर्देशिका भन्दा बढी भुक्तानीः नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी कार्य संचालन निर्देशिका, २०७७(अर्थ मन्त्रालय) को परिच्छेद ७.१.१५ मा मुख्य प्रशिक्षकलाई प्रशिक्षण भत्ता बापत ७ कार्यदिनसम्म प्रतिदिन (प्रतिदिन न्यूनतम २ कक्षा लिनुपर्ने) कक्षा सञ्चालन बापत रु.७००.० र कार्यपत्रबापत रु.३५०.० समेत अधिकतम रु.१०५०.० दरले भुक्तानी हुनुपर्ने व्यवस्था रहेको छ। भौ.न.१५८-०८०।३।२१ बाट उ.वि.स. कमलप्रसाद ढकाललाई रु.१३३८००.० भुक्तानी मध्ये देहायका प्रशिक्षकलाई निम्नानुसारको तालिममा निर्देशिका भन्दा बढी रु.४०२९०.० प्रशिक्षण भत्ता भुक्तानी भएको देखिएकोले बढी भुक्तानी रकम सम्बन्धितबाट असूल हुनुपर्ने रु....

| **तालिमको नाम** | **प्रशिक्षकको नाम** | **तालिम संचालन दिन** | **भुक्तानी भएको रकम (करकट्टी बाहेक)** | **हुनुपर्ने रकम (करकट्टी बाहेक)** | **बढि रकम (करकट्टी बाहेक)** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| वित्तिय साक्षरता | निलिमा भट्टराई | २ दिन | ८५००.० | १७८५.० | ६७१५.० | दैनिक कति कक्षा लिएको हो नखुलेको, कार्यपत्र समेत पेश नभएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वित्तिय साक्षरता | सागर नाथ सुवेदी | ४ दिन | १७०००.० | ३५७०.० | १३४३०.० | दैनिक कति कक्षा लिएको हो नखुलेको, कार्यपत्र समेत पेश नभएको |
| बजारीकरण परामर्श | राजकुमार ओली | २ दिन | ८५००.० | १७८५.० | ६७१५.० | दैनिक कति कक्षा लिएको हो नखुलेको, कार्यपत्र समेत पेश नभएको |
| बजारीकरण परामर्श | गणेश के.सी. | ४ दिन | १७०००.० | ३५७०.० | १३४३०.० | दैनिक कति कक्षा लिएको हो नखुलेको, कार्यपत्र समेत पेश नभएको |
| | | **जम्मा** | **५१०००.०** | **१०७१०.०** | **४०२९०.०** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,२९० |

५१.३ प्रविधि हस्तान्तरणः गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ४१ मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले ७५ नयाँ उद्यमीलाई ग्रिनहाउस टनेल, सिलाई मेसिन सामाग्री रु.४८६३००.० को प्रविधि हस्तान्तरण गरेकोमा सो को २० प्रतिशत सम्बन्धित उद्यमीबाट जम्मा गर्न नलगाई शतप्रतिशत रकम आपूर्तिकर्तालाई भुक्तानी गरेकोले २० प्रतिशत रकम रु.९७२६०.० सम्बन्धित उद्यमीबाट असुल हुनुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९७,२६० |

५१.४ पालिकाले प्रविधि हस्तान्तरण बापत रु.४८६३००.० को कृषि लगायतका अन्य सामाग्रीको प्रविधि हस्तान्तरण गरी प्रवर्द्धन गरिएका लघु उद्यमीले प्रविधि उपयोगको विवरण कार्यालयमा पेश गर्नुपर्नेमा सो को विवरण पेश नगरेकोले हाल उक्त सामाग्रीहरुको सहि सदुपयोग भएको छ भन्ने कुरामा विश्वस्थ हुने

अवस्था छैन। साथै पालिकाले उक्त सामाग्रीको सहि सदुपयोग भए नभएको निरन्तर अनुगमन गर्नुपर्ने देखिन्छ।

प्रविधि हस्तान्तरण अन्तर्गत खरिद गरिएका सामाग्रीहरु ढुवानी वापत रु.२५०००.० खर्च लेखेकोमा उक्त रकम भुक्तानी भएको भरपाई र सवारी धनीसँग भएको सम्झौता पेश नभएकोले उक्त प्रमाण पेश हुनुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,००० |

५२ **औषधी उपचार खर्चः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाले कानुन तथा कार्यविधि नबनाई कार्यपालिकाले निर्णय गरी स्थायी तर्फ २२ जना कर्मचारी र करार तर्फ १४ जना सहित ३६ जना कर्मचारिलाई औषधी उपचार खर्चबापत रु.१०३४८७३.० भुक्तानी गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५३ **स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले पब्लिक सप्लयर्स उदयपुरबाट (भौ.न.१२९-०८०।३।१३ मा) ६४०० थान स्यानिटरी प्याड रु.५६९५९२.० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि विद्यालयहरुका प्रधानाध्यापकहरुलाई बुझाएको भरपाई पेश भएको तर उक्त भरपाई मिति उल्लेख नभएकोले समयमै वितरण भएको हो भन्न सक्ने अवस्था देखिएन। वितरण गरिएका प्याडहरु सम्बन्धित छात्राहरुले पाए नपाएको तथा सहि प्रयोग गरेको सुनिश्चितताको लागि पालिकाबाट अनुगमन नगरेकोले प्याड सदुपयोग र उपलब्धताको सुनिश्चितताको लागि पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५४ **शिक्षक दरबन्दी र पदपूर्तीः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स. | विद्यालयको नाम | शिक्षक दरवन्दी | स्थायी | करार | जम्मा शिक्षक संख्या | विद्यार्थी सख्या | शिक्षक विद्याथी अनुपात |
|---|---|---|---|---|---|---|---|
| १ | आदरणीय माध्यमिक विद्यालय | ९ | ५ | ४ | ९ | १९० | २१ |
| २ | श्याम्बल माध्यमिक विद्यालय | १३ | ९ | ४ | १३ | २५४ | २० |
| ३ | माइपोखरी संस्कृत माध्यमिक विद्यालय | ११ | ९ | २ | ११ | १३५ | १२ |
| ४ | सरस्वति माध्यमिक विद्यालय | १६ | १५ | १ | १६ | ३११ | १९ |
| ५ | प्रबोध माध्यमिक विद्यालय | १५ | ९ | ६ | १५ | २२६ | १५ |
| ६ | भगवति माध्यमिक विद्यालय | ११ | ८ | ३ | ११ | १२७ | १२ |
| ७ | चन्द्रोदय आभारभुत विद्यालय | ६ | ४ | २ | ६ | ८४ | १४ |
| ८ | राष्ट्रिय आभारभुत विद्यालय (जमुना) | ५ | ४ | १ | ५ | ९६ | १९ |
| ९ | भानुदय आभारभुत विद्यालय | ९ | २ | ६ | ९ | १०८ | १२ |
| १० | भिमसेन आभारभुत विद्यालय | १ | १ | १ | १ | ८ | ८ |
| ११ | भानु आभारभुत विद्यालय | २ | २ | २ | २ | १८ | ९ |
| १२ | सरस्वति आभारभुत विद्यालय | ४ | ४ | ४ | ४ | ७८ | २० |
| १३ | गुफा आभारभुत विद्यालय | २ | २ | २ | २ | ३४ | १७ |
| १४ | भगवति आभारभुत विद्यालय | १ | १ | १ | १ | १८ | १८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | भिमसुन आभारभुत विद्यालय | २ | २ | २ | २ | २४ | १२ |
| १६ | जनकल्याँण आभारभुत विद्यालय | २ | २ | २ | २ | ३३ | १७ |
| १७ | बालनिकेतन आभारभुत विद्यालय | ३ | ३ | ३ | ३ | ३२ | ११ |
| १८ | युवा आभारभुत विद्यालय | ३ | ३ | ३ | ३ | ३० | १० |
| १९ | बालकल्याँण आभारभुत विद्यालय | ४ | ४ | १ | ४ | ८१ | २० |
| २० | देवि आभारभुत विद्यालय | २ | | २ | २ | २७ | १४ |
| २१ | सुत्लुङ आभारभुत विद्यालय | २ | | २ | २ | २५ | १३ |
| २२ | नवजोति आधारभुत विद्यालय | २ | | २ | २ | ३३ | १७ |
| २३ | राष्ट्रिय आभारभुत विद्यालय | २ | | २ | २ | ११ | ६ |
| २४ | माबु आभारभुत विद्यालय | २ | | २ | २ | १७ | ९ |
| २५ | मुल्चोक राष्ट्रिय आभारभुत विद्यालय | १ | | १ | १ | ३ | ३ |
| २६ | पूर्वक्षितिज आभारभुत विद्यालय | ३ | | ३ | ३ | ५२ | १७ |
| | **जम्मा** | **१३३** | **८९** | **६४** | **१३३** | **२०५५** | **१६** |

स्वीकृत शिक्षक दरबन्दी र दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **शिक्षकको अभिलेखः-** शिक्षा नियमावली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जसअन्तर्गत बुँदा नं.(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्यावधिक गरि राखुपर्ने व्यबस्था रहेको

छ। पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी बिबरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण जिल्ला शिक्षा समन्वय ईकाईबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले चौमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। कार्यालयले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पेश नभएकोले पालिकाबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५६ **परम्परागत विद्यालय वैकल्पिक सिकाई केन्द्र अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को क्रियाकलाप न.६.१ मा स्थानिय तहमा कक्षा १-५ सञ्चालित परम्परागत विद्यालयलाई अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम संचालनको लागि बार्षिक रु.२ लाख ४१ हजार मागका आधारमा एकमुष्ट अनुदान दिने र सोको उचित सदुपयोग भए नभएको स्थानीय तहबाट निरन्तर अनुगमन गरी प्रतिवेदन पेश गर्ने व्यवस्था रहेको छ। पालिकाले रामेश्वर गुरुकुलम वेद पाठशाला र उगेन तेन्गेलिङ्ग गुम्बालाई रु.२४१०००.० का दरले अनुदान रु.४८२०००.० निकासा गरेकोमा सो रकमको सहि सदुपयोग भए नभएको अनुगमन प्रतिवेदन पेश गरेको छैन। पालिकाले निरन्तर अनुमगन गरि सोको सहि सदुपयोग भए नभएको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८२,००० |

५७ **बढी ग्रेड भुक्तानीः**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा खर्चको भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षक किताबखानाबाट पारित भएको आ.व.०७९।८० को तलबि प्रतिवेदनमा सुल्लुङ आ.वि.का प्रा.वि.तृतीय शिक्षक कुवेर प्रसाद धिमालको शून्य ग्रेड कायम गरिएकोमा निजलाई प्रति ग्रेड रु.११५८.० का दरले प्रति महिना ८ ग्रेडबापत १३ महिनाको रु.१२०४३२.० निकासा भएको देखिएकोले उक्त बढी ग्रेड भुक्तानी सम्बन्धमा पुष्ठाई गर्ने प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम फिर्ता/असुल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,४३२ |

५८ **शिर्षक फरक पारी खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 20७७ को नियम ४१(क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सो शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। तर पालिकाले शिक्षक सहयोग अनुदानमा विनियोजन भएको रु.१८२४०००.० मध्ये

रु.६७०६४०.० सामुदायिक विद्यालयका शिक्षकलाई तलब बापतको रकम निकासा भएको देखिएकोले फरक शिर्षकमा खर्च गरको नियमसम्मत नदेखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ६,७०,६४० |

५९ **निःशुल्क पाठ्यपुस्तकः-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० मा विद्यालयलाई पाठ्यपुस्तकबापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने, यसरी अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। तर पालिका अन्तर्गतका २६ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको ७५ प्रतिशत रकम रु.८५७५०६.० चैत्र महिनामा मात्र निकासा गरेको पाइयो। उक्त ७५ प्रतिशत रकमले विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन नगरी असार महिनामा थप रु.२८५८३५.० निकासा सहित जम्मा रु.११४३३४१.० अनुदान निकासा गरेकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था भएन। यस वर्ष १ देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु.११४३३४१.० खर्च लेखेकोमा विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सो सम्वन्धमा स्थानीय तहबाट अनुगमन प्रतिवेदन पेश गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्दछ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः

बढी निकासाः पालिकाले देहायका विद्यालयलाई निःशुल्क पाठ्यपुस्तक को अनुदान रकम सम्बन्धित विद्यालयले पेश गरेको विल भरपाई भन्दा बढी रु.११७३२५.० निकासा भएकोले उक्त रकम सम्बन्धित विद्यालयबाट असूल/फिर्ता गरि संघिय संचित कोषमा दाखिला हुनुपर्ने रु...

| क्र.स. | विद्यालयको नाम | निकासा भएको रकम | विलभरपाईको रकम | बढी निकासा रकम |
|---|---|---|---|---|
| १ | श्री श्याम्बल मा वि | १६००४४ | १४७९८६ | १२०५८ |
| २ | श्री आदरणीय मा वि | १२१५३९ | ११४०९३ | ७४४६ |
| ३ | श्री माई पोखरी संस्कृत मा वि | ८५८९३ | ८५३०५ | ५९१ |
| ४ | श्री प्रबोध मा वि | १५५३४३ | १५०६७६ | ४६६७ |
| ५ | श्री सरस्वती मा वि | १९४७६९ | १३७१८२ | ५७५८५ |

| | | | | |
|---|---|---|---|---|
| ६ | श्री भगवती मा वि | ८७५३७ | ७२७१७ | १४८२० |
| ७ | श्री राष्ट्रिय आ वि जमुना | ८८८६ | ४७०० | ४१८६ |
| ८ | श्री भानु आ वि लुङ्चोक | ११३३६ | ९६६४ | १६७२ |
| ९ | श्री रामेश्वर गुरुकुलम वेदपाठाशाला | १४३०० | परम्परागत अनौपचारिक शैक्षिक अनुदान अन्तर्गत रु.२४१०००.० निकासा भएकोले यस शिर्षकबाट अनुदान दिन नमिल्ने | १४३०० |
| | | | **जम्मा** | **११७३२५.** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१७,३२५ |

६० **दिवाखाजाः** कार्यक्रम कार्यान्वयन पुस्तिका२०७९।८० को क्रियाकलापनं.२.७.११.१ मा उल्लेख भए अनुसार दिवाखाजा अनुदान निकासा दिदा विद्यालय संचालन भएको दिनलाई आधार मानेर निकासादिने, स्थानीयतहले दिवाखाजा उपलब्ध गराएको विद्यालयको विद्यार्थी दैनिकीहाजिर पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय ब्यवस्थापन खर्च समितिका अध्यक्षबाट प्रमाणितगराईIEMIS को तथ्याङ्क सत्यापन गराई विद्यार्थी संख्याएकिन गरी निकासादिने र उक्त निकासा रकमको सहि सदुपयोग भए नभएको पालिकाबाट अनुगमन गर्ने व्यवस्था उल्लेखछ। पालिकाले२६ वटा विद्यालयलाई अधिकतम २१४ दिनसम्मको लागि रु.२६२७१४०.० निकासा गरेको छ। उक्त निकासा भएको रकमबाट सबै विद्यालयमा दिवा खाजा संचालन भए नभएको तथा उक्त रकमको सहि सदुपयोग विद्यालयले गरे नगरेको सो को अनुगमन प्रतिवेदन पेश भएको देखिएन। अतः प्रत्येक विद्यालयमा अनुगमन गरी निर्देशिका बमोजिम अन्तिम परिक्षामा सहभागी भएका विद्यार्थीको हाजिरीसँग IEMIS तथ्यांकसँग सत्यापन गराई निकासा भएको रकम एकिन गर्नुपर्दछ। उक्त दिवा खाजा सम्बन्धी स्रेस्ता परीक्षण गर्दा देखिएका थप व्यहोरा निम्न छनः

दिवा खाजा बढी दिन संचालनः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.7.११.१ मा प्रारम्भिक बाल विकास देखि ६ सम्मको विद्यार्थी संख्याका लागि वार्षिक रुपमा १८० दिनका लागि मात्र बजेट व्यवस्था भएकोले सोहीलाई आधार मानि निकासा गर्ने व्यवस्था उल्लेख छ। तर पालिकाका देहायका विद्यालयहरुलाई १८० दिन भन्दा बढी दिनको बढी दिनको निम्नानुसार रु.६९३०.० बढी

निकासा भएकोले उक्त बढी निकासा भएको रकम सम्बन्धीत विद्यालयबाट असुल। फिर्ता गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु...

| क्र.स. | विद्यालयको नाम | निकासा अनुदान रकम | निकासा हुनपर्ने रकम | बढी रकम |
|---|---|---|---|---|
| १ | भगवति आभारभुत विद्यालय | ४५७८०. | ४३२००. | २८५०. |
| २ | भिमसुन आभारभुत विद्यालय | ५३०८५. | ५१३००. | १७८५. |
| ३ | राष्ट्रिय आभारभुत विद्यालय | २११९५. | १८९००. | २२९५. |
| | | | **जम्मा** | **६९३०.** |

| असुल गर्नुपर्ने | ६,९३० |
|---|---|

६१ **समानिकरण अनुदानबाट शिक्षकको तलब भत्ताः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका समानिकरण शिर्षकवाट रु.५९४२६०१.० तलब भत्ता अनुदान दिएको पाईयो । यसरी दरवन्दी तथा राहत कोटा प्राप्त नगरेका विद्यालयलाई अनुदान उपलब्ध गराउनसक्ने व्यवस्था भएता पनि उक्त कोटा प्राप्त विद्यालयमा शिक्षक विद्यार्थी अनुपात समेत विश्लेषण नगरी शिक्षकको तलवभत्ता शिर्षकमा अनुदान दिएको नियमसम्मत देखिएन । ऐन, नियममा भएको व्यवस्थाको परिपालनामा पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६२ **शिक्षण सहयोग अनुदानः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा खर्चको भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था गरेको छ। भौ.न.१७७-०८०।३।२४ बाट माध्यमिक तह कक्षा(९-१०) अंग्रेज, गणित र विज्ञान विषयमा शिक्षक सहयोग अनुदान बापत चन्द्रोदय आ.वि.लाई रु.२४१६००.० र आदरणीय मा.वि.लाई रु.९११७६०.० समेत रु.११५३३६०.० निकासा भएकोमा शिक्षक नियुक्तिको नियुक्ति पत्र, निजहरुको हाजिरी पेश नभएकोले उक्त प्रमाण पेश हुनुपर्ने रु...

| प्रमाण पेश नगरेको | ११,५३,३६० |
|---|---|

६३ **विद्यालयगत निकासा खाताः** विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहतकोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी (आवश्यकता अनुसार सफ्टवेयरमा समेत) प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६४ **पुरस्कार शोधभर्नाः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.७.१३.५१ मा संस्थागत क्षमता विकास, परीक्षा सञ्चालन अन्तर्गत तोकिएका उपक्रियाकलापमा विनियोजन गरेको बजेट अन्य क्रियाकलापमा खर्च गर्न नमिल्ने तर स्थानीय तहबाट थप बजेट व्यवस्था गरी कार्यान्वयन गर्ने सकिने व्यवस्था उल्लेख छ। पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका भएको व्यवस्था विपरीत संघीय शर्शत अन्तर्गत विनियोजन भएको रकमबाट कक्षा ८ मा सबैभन्दा बढी GPA प्राप्त गर्ने छात्रछात्रालाई रु.२५०००.० का दरले २ वटा विद्यालयको खातामा भौ.न.१४३-०८०।३।१९ बाट रु.५००००.० निकासा भएकोले उक्त रकम पालिकाबाट संघीय संचितकोषमा शोधभर्ना हुनुपर्ने रु....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

६५ **छात्रावृत्ति अनुदान**-शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ७.२.१.१.मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा २६ वटा विद्यालयमा रु.२५७२००.० निकासा गरेको छ। IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन। अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

साथै सरस्वती माध्यमिक विद्यालयलाई छात्रावृत्ति बापत रु.२६८००.० निकासा हुनुपर्नेमा रु.२८०००.० निकासा भएकोले बढी निकासा रकम रु.१२००.० सम्बन्धितबाट फिर्ता/असूल गरी संघीय संञ्चितकोषमा दाखिला हुनुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२०० |

६६ **खर्चको पुष्टयाईः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र सोही

नियमावलीको ३९(१०) मा खर्चको भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था गरेको छ। तर पालिकाले देहायका भौ.न. बाट खर्चको भुक्तानी गर्दा खर्चलाई पुष्टि गर्ने प्रमाण कागजात तथा विलभरपाई वेगर खर्च लेखेकोले खर्च पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने रु...........

| भौ.नं./ मिति | भुक्तानी पाउने | प्रयोजन | नपुग कागजात | भुक्तानी रकम |
|---|---|---|---|---|
| १००-०८०।३।०५ | नेपाल कर्मचारी संगठन निजामती जिल्ला समिति ईलाम | आर्थिक सहयोग | संघीय सशर्तबाट विनियोजन भएको रकमबाट आर्थिक सहयोग गरेको देखिएकोले उक्त खर्चलाई पुष्टाई गर्ने प्रमाण पेश हुनु पर्ने | १०००० |
| १७६-०८०।३।२४ | प्र.प्र.अ. सहित ९ जना कर्मचारी | प्रधानमन्त्री रोजगार कार्यक्रमको अनुगम भत्ता | ९ जना कर्मचारीले ४।४ पटक अनुगमन गरेको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने | ४९५५० |
| गा.पा.चालु तर्फः | | | | |
| २०६-०७९।११।१७ | वरबोटे ब्याडमिन्टन क्लब | ब्याडमिन्टन प्रतियोगिता | ब्याडमिन्टन प्रतियोगिता संचालनबापत भुक्तानी भएकोमा विल भरपाई तथा प्रस्तावना पेश नभएको | ३०००० |
| २३२-०७९।१२।७ | वडा सचिव अभिनारायण दहाल | वडा समितिको बैठक भत्ता | बैठक भत्ता बुझेको भरपाईमा सहिछाप नभएकोले भरपाई पेश हुनुपर्ने | ५६००० |
| ३१३-०८०।२।१ | वडा सचिव महेश दहाल | वडा समितिको बैठक भत्ता | बैठक भत्ता बुझेको भरपाईमा सहिछाप नभएकोले भरपाई पेश हुनुपर्ने | ४२००० |

| | | | | |
|---|---|---|---|---|
| ३७७-०८०।३।८ | श्याम्बल मा.वि. | भवन मर्मत सम्भार | प्राविधिक नापजाँच तथा विल र कार्यसम्पन्न प्रतिवेदन पेश नभएको | १४१००० |
| ३७९-०८०।३।८ | पिरामिड टेक्निकल ईन्स्टिस्यूट प्रा.लि. | जडिवुटी खेती तथा उत्पादनको सम्भाव्यताको अध्ययन | प्रस्तावना पत्र र अध्ययन प्रतिवेदन पेश नभएको | ९८८७५० |
| ४६८-०८०।३।२४ | अ.स.ई रमेश भट्टराई | जग्गा वर्गिकरण बापत फिल्ड भत्ता | जग्गा वर्गिकरणको प्रतिवेदन पेश नभएकोले कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने | ६००००० |
| | | | **जम्मा** | **१९,१७,३००** |

**प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८१।१।२३ को निर्णयबाट रु. २९५७३०।-सम्परीक्षण गरिएको ।**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,१७,३०० |

६७ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत विभिन्न स्थानमा योजना सञ्चालन गरी यस वर्ष १४२ जनालाई औसत १०० दिनले १४२०० दिन रोजगारी उपलव्ध गराई रु.८१२२०४०.० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः

थप व्ययभारः प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ मा विनियोजन भएको रकम श्रमिक ज्यालामा खर्च गर्नुपर्ने र अन्य आवश्यक निर्माण सामाग्री तथा औजारहरु बापतको खर्च पालिकाले बजेट व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ। तर पालिकाले संघीय सशर्तबाट विनियोजित रकम श्रमिकको ज्यालामा मात्र खर्च गर्नुपर्नेमा २७ वटा सडक मर्मत तथा ढुङ्गाको सोलिङ्ग कार्यको लागि आवश्यक पर्ने निर्माण सामाग्री तथा औजार र श्रमिक ज्याला समेत खरिदबापत रु.८१२२०४०.० भुक्तानी गरेको देखिएकोले निर्माण सामाग्री तथा औजार खरिदबापतको निम्नानुसार(अनुसूचीमा उल्लेखित) रकम रु.५७००४४२.० थप व्ययभार देखिएको रु.....

| | |
|---|---|
| अनियमित भएको | ५७,००,४४२ |

**(विस्तृत विवरण बेरूजु दफा ६७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६८ **प्रकोप व्यवस्थापनः**

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः

६८.१ विपद प्रभावित निजी आवास पुननिर्माण अनुदानः मनसुनजन्य विपद् प्रभावित निजी आवास पुननिर्माण तथा पुनर्स्थापना अनुदान अन्तर्गत पालिकाको जिम्मेवारी बापत १० प्रतिशत रकम जिल्ला प्रशासन कार्यालय ईलामको च.न.२२२६ मिति २०८०।०१।१० को पत्रानुसार पालिकाले भौ.न.२२-०८०।२।१ बाट जिल्ला प्रशासन कार्यालयको विविध खातामा रु.२५४१९५.० निकासा गरेको देखियो। पुननिर्माण ६ वटा र १ वटा प्रबलिकरण अनुदानबापत निकासा भएको रकम सम्बन्धित लाभग्राहीले पाए नपाएको एकिन नभएकोले सम्बन्धित पक्षले उक्त रकमको सहि सदुपयोग भए नभएको एकिन गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८.२ सोझै खरिदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने, व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१क) मा सार्वजनिक निकायले २५ लाख रुपैयासम्मको औषधीजन्य मालसामान सोझै खरिद गर्न सक्ने र सोभन्दा माथि शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले लम्पि स्किन रोगको लागि आवश्यक पर्ने खोप तथा औषधी खरिद गर्दा तिन वटा टुक्रा पारी सिधै खरिद गरेको देखियो। औषधीको लागत अनुमान तयार गरेको भएपनि तिनवटा कोटेशन माग गर्दा २ वटा लागत अनुमान भन्दा बढी रहेको र १ वटा लागत अनुमान बराबर रहेकोमा सोही लागत अनुमान बराबर भएको कोटेशन पेश गर्ने सप्लार्यसबाट खरिद गरेको देखिएकोले ऐन तथा नियमावली विपरित देहायका सप्लार्यसबाट रु.२९२७७०२.० सोझै खरिद गरेको नियमत सम्मत नदेखिएको रु....

| भौ.न./ मिति | सप्लार्यसको नाम | भुक्तानी रकम |
|---|---|---|
| २५-०८०।२।९ | भट्टराई एग्रो भेट सेन्टर झापा | ९४३०००. |
| २७-०८०।२।२५ | न्यू कृषि विज भण्डार ईलाम | ९९९८५०. |
| २८-०८०।३।५ | न्यू कृषि विज भण्डार ईलाम | ९८४८५२. |
| | **जम्मा** | **२९२७७०२.** |

| | |
|---|---|
| अनियमित भएको | २९,२७,७०२ |

६९ **सवारी साधन ईन्धन तथा मर्मत खर्चः** नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले आर्थिक वर्ष ०७९।८० मा पदाधिकारी ईन्धन खर्चमा रु.३५८७७९३.० र कार्यालय ईन्धन खर्चमा रु.१६६४१६४.० समेत रु.५२५१९५७.०, त्यस्तै सवारी मर्मत खर्च पदाधिकारी र कार्यालयसमेत गरी रु.४७३८००४.० समेत सवारी साधन ईन्धन तथा मर्मत खर्चमा रु.९९८९९६१.० खर्च भएको देखियो। जुन पालिकाको कुल आन्तरिक आय रु.७०३१००३.० अनुपातमा १४२.०८ प्रतिशत बढी खर्च भएको देखिएकोले यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७० **घटी मूल्य अभिवृद्धिकर असुलीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ (२), (क), (ख), (ग) मा खरिद कार्यको वास्तविक लागत बमोजिम प्रचलित दरभाउको आधारमा लागत अनुमान तयार गरी सोही नियमावलीको नियम ९७(६) मा बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात सहितको प्राविधिक मूल्यांकनको आधारमा भूक्तानी गर्नुपर्ने व्यवस्था छ। यस आर्थिक वर्ष ०७८।७९ मा पालिकामा उपभोक्ता समितिबाट भएका निर्माण कार्य मध्ये नमुना छनौट गरि स्रेस्ता परिक्षण गर्दा निम्नानुसारको योजनाहरुको भुक्तानीमा उपभोक्ता समिति तथा लाभग्राही समुदायले पेश गरेको विल भरपाइमा सिमेन्टको मूल्य मूल्य अभिवृद्धि कर बाहेक रु.६२०.०, ईटाको मूल्य मु.अ.कर बाहेक रु.१४.० र रड(डण्डी)को रु.९० देखि रु.९५.० रहेको तर कार्यायलले मूल्यांकन गर्दा मूअकर बाहेक क्रमशः रु.८७५.०, रु.२४.० र रु.९८.० का दरले दररेट निर्धारण गरेको छ। यसरी बिजक भन्दा बढी दरले दररेट निर्धारण गर्दा देहाय अनुसारको काममा उपभोक्ता समितिले पेश गरेको भन्दा रु.२७१५१०.० बढी मुल्य अभिवृद्धि कर रकम भुक्तानी भएकोले बढी मु.अ.कर रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु..........

| योजना तथा उ.स.को नाम | निर्माण सामाग्री | भुक्तानी भएको मू.अ.कर रकम | उ.स.ले पेश गरेको मू.अ.कर रकम | बढी मू.अ.कर रकम |
|---|---|---|---|---|
| श्री भानुदय आधारभुत विधालय भवन निर्माण कार्य | सिमेन्ट | ९३०८०.० | ५७४०४.० | ३६६७५.० |
| | रड | ११५०४६.० | १११९००.० | ३१४५.० |
| | ईटा | ५०४४३.० | २१३७२.० | २९०७१.० |
| श्री प्रोवोध मा वि भवन निर्माण कार्य | सिमेन्ट | ६००६०.० | ४९५९५.० | १०४६५.० |
| | ईटा | २३३६६.० | १०४५२.० | १२९१४ |
| श्री श्याम्वल मा वि भवन निर्माण कार्य | सिमेन्ट | ९७८९०.० | ६१६४९.० | ३६२४१.० |
| | ईटा | ५१११३.० | १७३४४.० | ३३७६९.० |
| श्री राष्टिय मा वि भवन निर्माण कार्य | सिमेन्ट | ४५३०७.० | ३४६९३.० | १०६१४.० |
| | रड | ९४७२७.० | ८०६०१.० | १४१२६.० |
| श्री भगवती मा वि भवन निर्माण कार्य | सिमेन्ट | ८०५४४.० | ६८१६८.० | १२३७६.० |
| | रड | ११३८७६.० | १०३४४९.० | १०४२७.० |
| | ईटा | ३५२९८.० | २१९९६.० | १३३०२.० |
| | सिमेन्ट | ७७४१२.० | ६३६९७.० | १३७१५.० |

| | | | | |
|---|---|---|---|---|
| श्री आदरणी मा वि भवन निर्माण कार्य | रड | १०५७२५.० | १०२७७८.० | २९४७.० |
| | ईटा | २३२९३.० | १०७६४.० | १२५२९.० |
| श्री चान्दोदय आ वि भवन निर्माण कार्य | सिमेन्ट | ३२१४७.० | २८८६०.० | ३२८७.० |
| | ईटा | २७६०७.० | ११७००.० | १५९०७.० |
| | | | **जम्मा** | **२७१५१०.०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७१,५१० |

७१ **फिल्ड निरिक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। देहायका निर्माण कार्यमा नापि किताबमा फिल्डमा भएको भन्दा बढी कार्य भएको देखाएको तर फिल्ड निरिक्षणको क्रममा निम्नानुसार कार्य परिमाण कम भएको देखिएकोले बढी परिमाण कामको भुक्तानी भएको देखियो। अतः बढी परिमाणको कामको भुक्तानीको लागि नापजाँच गर्ने प्राविधिकलाई जिम्मेवार बनाई सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु...

| .न./मिति | उपभोक्ता समितिको नाम | कार्य | नापि किताबमा भएको परिमाण | फिल्डमा भएको परिमाण | फरक परिमाण | दर | बढी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १९७-०८०।३।१५ | आहले भञ्ज्याङ्ग जौबारी फाटक सडक उ.स. | Stone soling work | ३२८ घ.मि. | २४९.९० घ.मि. | ७८.१ घ.मि. | ३४६६.४५ | २७०७२९.० | नापि किताबमा उचाई ८ ईन्च दिएकोमा फिल्डमा गएर निरिक्षण गर्दा औषत ६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ईन्च मात्र रहेको |
| १४०-०८०।०२।१५ | खोप गैरीवास जोवारी सडक | Stone soling work | ५१.९२ घ.मि. | ३९.५२ घ.मि. | १२.४ घ.मि. | ३४६६.४५ | ४२९८३.० | " " |
| | | | | | | **जम्मा** | ३१३७१२.० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,१३,७१२ |

७२ **सि.सि.टि.भि.जडानः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले भौ.न.२९४-०८०।१।१९ बाट ६ वटा सि.सि.टि.भि. जडानबापत डि.सि. सेल्स एण्ड मेन्टिनेन्स ईलामलाई रु.८५७५१७.० भुक्तानी गरेको देखियो। उक्त सि.सि.टि.भि. जडान पश्चात प्राविधिक नापजाँच गराई जडान प्रतिवेदन तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्नेमा प्राविधिक नापजाँच तथा जडान प्रतिवेदन भुक्तानी भएको देखिएकोले प्राविधिक नापजाँच तथा जडान प्रतिवेदन पेश हुनुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,५७,५१५ |

७३ **गैर सरकारी संस्था मार्फत खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (१) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ। साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ। सोका साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न गैर सरकारी संस्थालाई विभिन्न कार्य गरेवापत रु.१५ लाख भुक्तानी गरेको

छ। तर त्यस्ता संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको अवस्था छ। पालिकाले त्यस्ता संस्थाहरुसँग सोझै सम्झौता गरेको छ। साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल तथा अनुगमन प्रतिवेदन बेगर भुक्तानी गरेको पाईयो। आवश्यक प्रकृया तथा कागजात र खरिद बिधि वेगर सोझै सम्झौता गरी भूक्तानी गरेको नियमसम्मत देखिदैन।

सैद्धान्तिक बेरुजु

७४ **नन फाइलरः-** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिबृद्धि कर निर्माण व्यवसायिले विवरण भरी अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले विभिन्न कार्य वापत मुल्य अभिवृद्धिकर भुक्तानी गरेको निम्न व्यवसायी/सप्लायर्सको लेखापरीक्षण अवधीसम्म सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण समेत नबुझाई ननफाइलर भएको पाइएकोले उक्त व्यवसायी/सप्लार्यसलाई भुक्तानी गरेको रु.५३६४३१.० मु.अ.कर रकम समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.......

| क्र.स | गो.भौ.नं/मिति | व्यवसायी/सप्लायर्स | भुक्तानी रु. | मु.अ.कर | ननफाईलर मिति |
|---|---|---|---|---|---|
| १ | ९७-०८०।३।४ | रौताहा टेक्निकल कलेज प्रा.लि. | १४५१३२७ | १६६९६६ | २०७९।M ।६ |
| | गा.पा.चालुः | | | | |
| २ | ६६-०७९।८।१८ | पूर्वाअञ्चल स्कील एण्ड ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | ४९७००० | ५७१७७ | २०७९।M ।१० |
| ३ | १३६-०७९।९।२९ | पूर्वाअञ्चल स्कील एण्ड ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | ६९६६४५ | ८०१४५ | २०७९।M ।१० |
| ४ | २३२-०७९।१२।७ | तपस्या विजनेश म्यानेजमेन्ट प्रा.लि. | ४२४००४ | ४८७७९ | २०७९।M ।९ |
| ५ | ३११-०८०।२।१ | रौताहा टेक्निकल कलेज प्रा.लि. | ४९७२०० | ५७२०० | २०७९।M ।६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | ४७२-०८०।३।२४ | पूर्वाअञ्चल स्कील एण्ड ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | १०९६६६० | १२६१६४ | २०७९।M।१० |
| | | | **जम्मा** | **५३६४३१** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,३६,४३१ |

७५ **औषधि खरिद-** पालिकाकालाई आवश्यक पर्ने औषधिमध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी क्यूरेक्स फर्माक्यूलिक्टस प्रा.लि.काभ्रेलाई रु.१५००७५०.० र लक्ष्मी श्री फार्मेशी विराटनगरलाई रु.९९९८८५.० समेत रु.२५००६३५.० भुक्तानी दिएको पाईयो। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७६ **कार्यक्रम संचालनः** नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागबाट जारी भएको स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्यासम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन-२०७९ मा कार्यक्रम संचालन गर्दा कार्यक्रमको लागत अनुमान, प्रस्तावना तथा कार्यक्रमका सम्पूर्ण खर्चको विवरण कार्यलय प्रमुखबाट प्रमाणित गराई भुक्तानी गर्ने र प्रत्येक कार्यक्रमको कार्यक्रम सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ। तर पालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत स्वास्थ्य तर्फका कार्यक्रम संचालन गर्दा कार्यक्रमको प्रस्तावना, बजेट बाडँफाँड तथा लागत अनुमान, कार्यक्रममा भएको खर्चको विल भरपाई लगायतका अन्य प्रमाण कागजात कार्यलय प्रमुखबाट प्रमाणित नगराई वर्षभरिका कार्यक्रम संचालन गरेको पाईयो। साथै कार्यक्रम संचालन पश्चात कार्यक्रम सम्पन्न प्रतिवेदन वेगर नै भुक्तानी भएको देखिएकोले उक्त मार्गदर्शनमा भएको व्यवस्था अनुरुप कार्यक्रम सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७७ **वितरणमूखी कार्यक्रमः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने, कम लागतमा सम्पन्न गर्न सकिने, स्थानीय श्रोत साधन तथा सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने, दिगो विकास, वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ। तर पालिकाले विभिन्न खेलकुद प्रतियोगीता, विभिन्न वडाहरुमा वडा स्तरीय खेलकुद प्रतियोगिता, विभिन्न चाडपर्व तथा सांस्कृतिक कार्यक्रम आदि जस्ता वितरणमूखी कार्यक्रमहरु संचालन गरी खर्च गरेको देखियो । यसरी ऐनले तोकेका शर्तभन्दा बाहिर योजना बनाई खर्च लेखेको हुँदा आगामी दिनमा ऐनका शर्त बमोजिम योजना बनाई आन्तरिक आयलाई समेत ध्यान दिदै कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान दिनुपर्ने देखिन्छ । यस सम्वन्धी केही उदाहरण यस प्रकार छन् ।

| गो भौ नं मिति | भुक्तानी पाउने | कार्यक्रमको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ८८-०७९।८।२० | युवा तथा खेलकुद कार्यक्रम कागे उ.स. | फुटबल प्रतियोगिता | ४५००००.० |
| १००-०७९।९।३ | छिन्टापु स्पोर्टिङ्ग क्लब | फुटबल प्रतियोगिता | २५००००.० |
| १०२-०७९।९।८ | क्रिसम विशेष फुटबल तथा विविध खेलुकद | फुटबल प्रतियोगिता | ५००००.० |
| १२१-०७९।९।१७ | किरात राई यायोक्खा | साकेला पर्व | ५००००.० |
| १२५-०७९।९।१९ | टारी फुटबल क्लब | फुटबल प्रतियोगिता | ५००००.० |
| १२७-०७९।९।१९ | सन्दकपुर भलिबल समिति | भलिबल प्रतियोगिता | १०००००.० |

| | | | |
|---|---|---|---|
| १४९-०७९।१०।१२ | हातेमालो महिला संजाल | तिज कार्यक्रम | ७००००.० |
| १६६-०७९।१०।१९ | सरस्वती मा.वि. | शैक्षिक भ्रमण | १५००००.० |
| २३९-०७९।१२।१३ | तमुभाषा तथा संस्कृति उत्थान समिति | सोरठी नाच | १२५०००.० |
| २६६-०७९।१२।२७ | माईपोखरी खेलकुद उ.स. | खेलकुद आयोजना | २०००००.० |
| ३०१-०८०।१।१५ | देउराली स्पोर्टिङ्ग क्लब | सन्दकपुर गोल्डकप | ५५००००.० |
| ३९३-०८०।३।१५ | दलित संस्कृति संरक्षण समिति | संस्कृत संरक्षण | ८०००००.० |

सैद्धान्तिक बेरुजु

७८ **राजश्व कारोबारको लेखा** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ। कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०३ प्रयोग नगरी आम्दानी गरेको छ। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.न. ९०४ साविक म.ले.प.फा.न. १०८ र म.ले.प.फा.नं. १०३ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ। साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा पालिका, वडा कार्यालयले मासिक/चौमासिक रुपमा दाखिला गर्ने गरेको देखियो। असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानीमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैंक दाखिला खाताहरुको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७९ **सुरक्षित नागरिक आवास कार्यक्रम** - सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को पहिलो संशोधनको प्रकरण ११ मा छनौट भएका लाभग्राहीलाई सम्वन्धित स्थानीयतहले सम्झौता गर्ने, लाभग्राहीलाई पहिलो, दोश्रो तथा अन्तिम किस्ता गरी कार्य सम्पन्न भएको आधारमा रकम उपलब्ध गराउने, कार्य सम्पन्न

भएको अभिलेख राख्ने र अभिलेख वमोजिमको विवरण संघीय आयोजना कार्यान्वयन इकाई वा सघन सहरी तथा भवन निर्माण आयोजनामा उपलब्ध गराउने व्यवस्था रहेको छ । यस सन्दकपुर गाउँपालिकाले यस वर्ष २०७९/८० मा छनौट भएका ५०० जना लाभग्राहीमध्ये ५० जनालाई रु.३७५००००।०० एकै किस्तामा उपलब्ध गराएको पाइयो । यसरी निर्माण सम्पन्न भएको प्रमाणको आधारमा किस्ता किस्ता गरी ३ किस्तामा रु.७५०००।०० उपलब्ध गराउनु पर्नेमा एकै किस्तामा सम्पूर्ण रकम उपलब्ध गराउँदा कार्यविधिको परिपालना नहुनुको साथै सुरक्षित आवासको गुणस्तर सम्वन्धमा आस्वस्त हुने आधार नदेखिएको रु.

| क्रम संख्या | भौ नं मिति | खर्च रकम | परिवार संख्या |
|---|---|---|---|
| 1. | ५१।२०८०।२।२९ | ६०००००।०० | ८ |
| 2. | ५२।२०८०।२।१९ | ७५०००।०० | १ |
| 3. | ५३।२०८०।२।३० | ७५०००।०० | १ |
| 4. | ३८।२०८०।२।१७ | ५२५०००।०० | ७ |
| 5. | ३९।२०८०।२।१९ | १५००००।०० | २ |
| 6. | ४०।२०८०।२।१९ | १०५००००।०० | १४ |
| 7. | ४९।२०८०।२।१७ | १०५००००।०० | १४ |
| 8. | ५०।२०८०।२।२८ | २२५०००।०० | ३ |

| | |
|---|---|
| अनियमित भएको | ३७,५०,००० |

८० **आन्तरिक लेखापरीक्षण वेरुजू** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्ने ब्यवस्था छ। सोही ऐनको दफा ३३ (८) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै फछ्यौंट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष

प्रस्तुत गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आन्तरिक लेखापरीक्षणवाट औंल्याइएका वेरुजू अन्तिम लेखापरीक्षण हुँदासम्म फछ्र्यौट नगरेकोले निम्नानुसारका आन्तरिक लेखापरीक्षणवाट औंल्याइएका वेरुजू कायम गरिएको छ ।

८०.१ फरक शिर्षकबाट भुक्तानीःआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा तोकिएको शिर्षकमा मात्र वजेट खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले करार सेवा शुल्कबाट विद्यालय मर्मत बापतको भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २०,००० |

८०.२ नर्म्सभन्दा बढि भुक्तानीः अर्थ मन्त्रालयद्वारा जारी कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ को वुँदा नं ७.१.१५ मा गाउँपालिका अन्तर्गत हुने तालिम, गोष्ठि, सेमिनार आदिमा हुने खर्चको मापदण्ड स्वीकृत छ । कार्यालयले महिला कल्याण समाज संस्थालाई सहकारी कार्यक्रम खर्च बापत भुक्तानी दिंदा देहायका पदाधिकारीलाई अर्थ मन्त्रालयबाट स्वीकृत नर्म्सभन्दा बढि भुक्तानी भएको देखिएकोले नर्म्समा उल्लेख भएको भन्दा बढी रकम सम्वन्धितवाट असुल उपर गरी दाखिला हुनुपर्ने रु.

**प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८१।१।२३ को निर्णयबाट रु.३३०० ।-सम्परीक्षण गरिएको ।**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,५०० |

८०.३ अस्पताल विद्युत खर्च भुक्तानीः कार्यालयले ठेक्का नं (SRM/ILAM/works/NCB/07/077.78) बाट १५ शैया अस्पताल निर्माण सम्झौता इन्द्रजित कन्स्ट्रक्सनसँग गरेको छ । निर्माण सम्झौता अनुसार निर्माण पक्षले सो निर्माण कार्य सम्पन्न पश्चात कार्यालयलाई हस्तान्तरण गरे पश्चात मात्र कार्यालयको सम्पूर्ण स्वामित्व हुने उल्लेख भएकोमा अस्पताल निर्माणकै चरणमा विद्युत महशूल भुक्तानी गरेकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,१९७ |

८०.४ कार्यविधि विपरित रकम भुक्तनीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । कार्यालयले सन्दकपुर गाउँपालिका प्राविधि कर्मचारी फिल्ड भत्ता सम्बन्धि कार्यविधि, २०७७ अनुसार फिल्डमा खटिने ५ जना प्राविधिक कर्मचारीलाई अधिकृत स्तरलाई १२०००/- सहायक स्तर पाचौं लाई ११०००/- र सहायक स्तर चौथो लाइ ८०००/- का दरले रु ५२८०००/- खर्च लेखेको छ । फिल्ड भत्ता कार्यविधिको परिच्छेद-३ को दफा ५ को उपदफा

४ मा गाउँपालिका भन्दा बाहिर कार्यलयले अन्य काममा खटाउनु पर्दा उक्त कर्मचारीले सो अनुरुप भ्रमण भत्ता पाउने छ तर जति दिन हुन आउँछ दामासाहीले त्यति दिनको उसले पाउने मासिक प्रोत्साहन भत्ता रकम कट्टा गरेर भुक्तानी गरिनेछ भन्ने व्यवहोरा उल्लेख छ । कार्यालयले फिल्ड भत्ता पाउने कतिपय कर्मचारीको दामासाहीले फिल्ड भत्ता कटौती नगरेकोले भ्रमण भत्ता पाएको दिन बराबरको रकम दामासाहीले असुल उपर गर्नुपर्ने देखिएको

| क्र.स. | कर्मचारीको नाम/पद | भ्रमण भत्ता बापतको रकम | फिल्ड भत्ता बापत असुल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|
| १. | अ.स.ई राजकुमार यादव | ८१४१३/५ भ्रमणमा खटिएको दिन -३० | ११०००/३० =३६६.६७<br>३०*३६६.६७ = ११०००/- |
| २. | अ.स.ई वेद ब. शिवा | १८०००/ भ्रमणमा खटिएको दिन - १२ | १२*२६६.६७ =३२००/- |
| ३. | अ.स.ई रमेश भट्टराई | ५५०००/ भ्रमणमा खटीएको दिन-३० | २६६.६७*३० = ८०००/- |
| **जम्मा** | | | २२२०० |

गाउँपालिकामा आ.व २०७९/८० मा ५ जना प्राविधिक कर्मचारी फिल्डमा खटिएकोमा आर्थिक प्रशासन शाखासँग छलफल गर्दा अविनारायण दाहाल र अनिश लुइटेललाई थप जिम्मेवारि सहित वडा सचिवको समेत जिम्मेवारी दिएको जानकारी प्राप्त भयो । अत वडा सचिव सहितको थप जिम्मेवारी उल्लेख भएको पत्र पेश हुनुपर्ने अन्यथा निजहरुको समेत भ्रमण भत्ता पाएको दिन बराबरको रकम दामासाहीले असुलउपर गर्नुपर्ने ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,२०० |

८०.५ नियम विपरित खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । कार्यालयले गाउँसभाको निर्णय नं ३ अन्तर्गत निर्णय (घ) सुशासन तथा सार्वजनिक वित्तीय व्यवस्थापन शिर्षकको बुदाँ नं ४ मा समानीकरण अनुदान, राजश्व बाँडफाड बाट सेवा

सुविधा लिने गाउँपालिकाका फिल्ड भत्ता नपाउने कर्मचारीहरुलाई प्रोत्सहान स्वरुपको एक महिना वरावरीको सेवा सुविधा औषधि उपचार खर्च वापत उपलब्ध गराउने निर्णय गरेको छ । सोहि निर्णयको अधिनमा रही ३५ जना कर्मचारीहरुलाइ औषधि उपचार खर्च वापत खर्च भुक्तानी गर्दा ५ जना फिल्ड भत्ता पाउने कर्मचारीहरुलाई समेत खर्च लेखेको देखिएकोले उक्त रकम सम्बन्धित कर्मचारीहरुबाट असुल गरि संचितकोषमा दाखिला गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६४,६७४ |

८०.६ पारिश्रमिक करः आयरक ऐन, २०५८ को दफा ८ बमोजिक आयको गणना गर्ने र दफा ८७ अनुसार आय गणना गरी आय विवरण पेश गरि कर कट्टि गर्नुपर्ने व्यवस्था छ । कार्यालयको सशर्त चालु तर्फ तलब शिर्षकको आ.ले.प गर्दा देहायका कर्मचारीहरुको तलब/भत्ता शिर्षक अन्तर्गत नियमानुसार करकट्टी नभएकोले नपुग कर असुल गर्नुपर्ने देखिएको रु.

| क्र.स | भुक्तानी पाउनेको नाम | पद | जम्मा वार्षिक आय | करयोग्य आय | करकट्टि हुने रकम |
|---|---|---|---|---|---|
| १. | सुजता लुङ्गेली | ज.स्वा.नि | ५३१८३०.९ | ३१८३०.९ | ३१८३।०० |
| २ | सन्तोष भट्टराई | रोजगार संयोजक | ६२७९५७ | २७९२७ | २७९५।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९७८ |

८०.७ सक्कल बिल भरपाई पेश हुनुपर्नेः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । कार्यालयले गो.भौ.नं- ४६४ बाट ग्रामिण महिला स्वास्थ्य समुहलाई रु.४८१६८०।०० भुक्तानी दिंदा सक्कल बिल भरपाई एवं कार्यसम्पन्न विवरण पेश नगरेकोले सो कारोवारको सक्कल बिल भरपाई पेश हुनुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८१,६८० |

८०. योजना अनुगमनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहभित्रका सार्वजनिक योजना विकास
८ निर्माण आदिको अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था स्थानीय तहको उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा अनुगमन समिति रहने व्यवस्था रहेको छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा अनुगमन तथा सुपरिवेक्षण सम्बन्धि व्यवस्था छ । कार्यालयले गाउँपालिकामा हुने सार्वजनिक निर्माण सम्बन्धि कार्यलाई उपभोक्ता समिति मार्फत कार्य गराउनको निम्ति सन्दकपुर गाउँपालिका उपभोक्ता समिति गठन तथा सुपरिवेक्षण सम्बन्धि कार्यविधि, २०७५ को व्यवस्था गरेको छ । उक्त कार्यविधिको परिच्छेद -२ को खण्ड (छ) मा एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने व्यवस्था छ । कार्यालयले देहायको उपभोक्ता समितिलाई योजनाको कार्यसम्पन्न पश्चात रकम निकासा गर्दा एकै व्यक्ति (महेन्द्र साउदेन ) लाई उपभोक्ता समितिको अध्यक्ष बनाइ योजनाको भुक्तानी दिएको छ ।

योजनाको नाम - १.देउराली झप्पु दोबाटो टप्पु सडक मर्मत उ.स

२. सडक मर्मत संभार उपभोक्ता समिति वडा नं ३

३. योजना : गजुरमान चौतारा दोभाने दाँडा गोहेले सडक वडा नं ३

गाउँपालिकाको उपभोक्ता समिति गठन सम्बन्धि कार्यविधि अनुसार वडा उपभोक्ता समिति गठन गर्ने अधिकार वडा समितिको क्षेत्रभित्र रहने व्यवस्था रहेको अवस्थामा एकै व्यक्तिलाइ ति उपभोक्ता समितिमा रहि काम गर्नका निम्ति सिफारिस गरेकोमा वडा प्रतिनिधिलाइ समेत जिम्मेवार बनाउनुपर्ने देखिन्छ ।

यसरि अनुगमन समितिले एकै व्यक्ति उपभोक्ता समितिको अध्यक्षमा रहेको अवस्थामा समेत भुक्तानीका लागि सिफारिस गरेकोले अनुगमन समितिले आफ्नै कानुनको आफैंले पालना नगरेको देखिन्छ । अनुगमन समितिले सार्वजनिक निर्माण कार्यको बस्तुनिष्ठ र प्रभावकारी अनुगमन गर्नुपर्ने देखिन्छ । साथै यसरी उपभोक्ता समितिमा दोहोरो रुपमा बसी सार्वजनिक निर्माण कार्यमा संलग्न हुने व्यक्तिलाई आकर्षित हुने कानुनी दायरामा ल्याई कानुन अनुसार हुन आउने रकम सम्बन्धित प्राविधिकलाई समेत जिम्मेवार बनाई असुलउपर गर्नुपर्दछ ।-

सैद्धान्तिक बेरुजु

८०. वडाका विभिन्न योजनाका स्रेस्ता परीक्षण गर्दा नापी किताब तथा कार्यसम्पन्नमा Net Public Payment
९ Work उल्लेख नभएको पाइयो। अतः उक्त योजनामा उ.स सहभागिता रकम उल्लेख हुनुपर्ने अन्यथा यकिन गरि असुलउपर गर्नुपर्ने ।

सैद्धान्तिक बेरुजु

८०.१० चेनेज नखुलेकोः देविथान कुलो चित्रदेवी मार्ग ढापपोखरी सडक निर्माण कार्यको नापी किताब अनुसार चेनेज स्पष्ट नभएकोले सडक निर्माण कार्यको चेनेज स्पष्ट गर्नुपर्ने ।

१.गर्नुपर्ने माटो खन्ने कार्य - ४२.९M3

२.ढुङ्गा सोलिङ - ४२.९ M3

| सैद्धान्तिक बेरुजु |
|---|

८०.११ प्रधानमन्त्री स्वरोजगार कार्यक्रमः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहायका रोजगार उपभोक्ता समितिलाई भुक्तानी दिदाँ विभिन्न चेनेजमा वास्तवकि नापि भन्दा फरक पारि भुक्तानी गरेको देखिएकोले नापि कार्यमा संलग्न प्राविधिकलाइ जिम्मेवार बनाई वढी भुक्तानी भएको रकम असूल गरी सम्बन्धित कोषमा जम्मा गर्नुपर्ने देखिएको रु

| **भुक्तानी पाउनेको नाम** | **वढी भुक्तानी रकम** |
|---|---|
| रतनौले भञ्याङ्ग खरखरे सडक रोजगार उ स | २८९८६ |
| केदारपाखा गाईखर्क सरस्वती आ वि मारुने गिताङ्ग सडक रोजगार उ स | २१६३१ |
| डाँडाघर खोपी सडक रोजगार उ स | ३८१३४ |
| लालीगुराँस कँक्रि सडक रोजगार उ स | २११९ |
| गजुरमान चौतारा गेहेले सडक रोजगार उ स | २८८०१ |
| जार पोखरी कँक्रि सडक रोजगार उ स | ४२३७ |
| **जम्मा** | **१२३९०८** |

| असुल गर्नुपर्ने | १,२३,९०८ |
|---|---|

८०.१२ नापी किताव फरक पारी वढी भुक्तानीः सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२३ मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक

कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गाउँपालिका पुँजीगत कार्यक्रम अन्तर्गत देहायका उपभोक्ता समितिलाई भुक्तानी दिदाँ विभिन्न चेनेजमा वास्तवकि नापि भन्दा फरक पारि भुक्तानी गरेको देखिएकोले नापि कार्यमा संलग्न प्राविधिकलाइ जिम्मेवार बनाई असुलउपर गरि सम्बन्धित कोषमा जम्मा गर्नुपर्ने देखिएको रु

| भुक्तानी पाउनेको नाम | वढी भुक्तानी रकम |
|---|---|
| आहाले भञ्याङ्ग जौवारी फाटक सडक उ स | ७६५४ |
| देवीथान देखि महिला भवन सडक मर्मत उ स | २८७० |
| खोपी गौरीवास जौवारी सडक उ स | २७५५४ |
| दोभाने डाँडा टारी आहाले कारवारी सडक उ स | १४९२५ |
| वौद्ध गुम्वा सापडाँडा सडक मर्मत उ स | ३२१४६ |
| सेतीगाउँ आयुर्वेदसम्म सडक निर्माण उ स | २८७० |
| **जम्मा** | **८८०१९** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८८,०१९ |

**८१ कोटेशनवाट निर्माण कार्य गराएको**

८१.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने, व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) क मा सार्वजनिक निकायले दश लाख रुँपैया सम्मको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सक्ने र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले ठेक्कापट्टावाट निर्माण भै रहेको अवस्थामा सोही निर्माण व्यवसायीलाई प्रतिस्पर्धावाट कायम रहेको मूल्यमा Quantity Variation को माध्यमवाट र नयाँ आइटममा ठेक्का हुँदा घटेको दरमा Negotiation को माध्यमवाट काम गराउनुपर्नेमा सो अनुसार प्रतिस्पर्धा सिमित गरी लागत अनुमानकै दरमा छुट्टै निर्माण व्यवसायीसँग सम्झौता गरी कोटेशनवाट कार्य गराएकोमा निम्न अवस्था देखियो ।

| क्रम संख्या | योजनाको नाम | निर्माण व्यवसायी | भौ नं मिति | भुक्तानी रकम |
|---|---|---|---|---|
| 1. | कृष्णभिर जमुनिया जौवारी सडक | सन्दकपुर कन्स्ट्रक्सन | १९।२२०८०।३।१२ | ९९८८२५।६६ |
| 2. | डम्वर सिंह सुनुवार वहुसाँस्कृतिक संग्रहालय | इष्टर्न नेपाल विल्डर्स | ४५।२०८०।२।२५ | ९९९०२९।७४ |
| 3. | डम्वर सिंह सुनुवार वहुसाँस्कृतिक संग्रहालय | भान्जा कन्स्ट्रक्सन | ६९।२०८०।३।२३ | ९९९३५२।२५ |
| 4. | डम्वर सिंह सुनुवार वहुसाँस्कृतिक संग्रहालय | माइ भगवती निर्माण सेवा | ७५।२०८०।३।२४ | ६५७४११।०७ |
| 5. | कृष्णभिर जमुनिया जौवारी सडक | आनन्द विल्डर्स | | ९९७८९३।७० |
| **जम्मा** | | | | ४६५२५११।०० |

सैद्धान्तिक बेरुजु

८१.२ यसरी ठेक्कापट्टामा काम भइरहेको स्थानमा थोरै संख्यामा मात्र नयाँ आइटम थप भएको र पुरानै ठेक्काको मूल्यमा २८ प्रतिशत कम कवोल गरी निर्माण व्यवसायीले काम गरेको स्थानमा छुट्टै निर्माण व्यवसायीलाई काम दिंदा पालिकालाई निम्नानुसार वढी व्ययभार पर्न गएको छ । यसरी वढी व्ययभार पर्ने गरी कार्य गराउने जिम्मेवार पदाधिकारी जवाफदेही वन्नुपर्ने देखिएको रु.

| कृष्णभिर जमुना जौबारी सडक |
|---|

| क्रम संख्या | कामको विवरण | ठेक्काको दर | सन्दकपुर कन्स्ट्रक्सन | | | |
|---|---|---|---|---|---|---|
| | | | परिमाण | कोटेशनको दर | फरक दर | बढी रकम |
| १ | Earth work(ordinary soil)( M3) | 70 | 271.2 | 80.00 | 10 | 2712.00 |
| २ | Earth work(Hard soil)( M3) | 70 | 877 | 98.00 | 28 | 24556.00 |
| ३ | Earth work(Soft Rock)( M3) | 70 | 561.83 | 136.00 | 66 | 37080.78 |
| ४ | Earth work(Gabin foundation)( M3) | 2000 | 28.05 | 3986.00 | 1986 | 55707.30 |
| ५ | Gabin Work ( M3) | 3200 | 99.5 | 5877.00 | 2677 | 266361.50 |
| ६ | Dry stone masonary ( M3) | २८ प्रतिशत घटी | 17.7 | 3985.71 | 1116 | 19753.20 |
| ७ | PCC 1:2:4 ( M3) | २८ प्रतिशत घटी | 99 | 15919.29 | 4457.4 | 441282.60 |
| **जम्मा** | | | | | | **847453.38** |
| **क्रम संख्या** | **कामको विवरण** | **ठेक्काको दर** | **आनन्द विल्डर्स** | | | |
| | | | **परिमाण** | **कोटेशनको दर** | **फरक दर** | **बढी रकम** |
| १ | Earth work(ordinary soil)( M3) | 70 | 12742 | 80.00 | 10 | 127420.00 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | Earth work(Hard soil)( M3) | 70 | 5516 | 98.00 | 28 | 154448.00 |
| ३ | Earth work(Soft Rock)( M3) | 70 | 124.5 | 136.00 | 66 | 8217.00 |
| ४ | Earth work Exavation by exacavator in hard rock cutting(Hard Rock)( M3) | | 1073.4 | 182 | 51 | 54745.44 |
| **जम्मा** | | | | | | **344830.44** |
| | | **डम्बरसिहं बहुसाँस्कृतिक सङ्ग्रहालय** | | | | |
| **क्रम संख्या** | **कामको विवरण** | **ठेक्काको दर** | **भान्जा कन्स्ट्रक्सन** | | | |
| | | | **परिमाण** | **कोटेशनको दर** | **फरक दर** | **बढी रकम** |
| 1 | Earth filling ( M3) | 100 | 5.61 | 402 | 302 | 1694.22 |
| 2 | Stone soiling( M3) | 2500 | 4.25 | 4787 | 2287 | 9719.75 |
| 3 | P.C.C1:3:6 ( M3) | 10000 | 2.13 | 14300 | 4300 | 9159.00 |
| 4 | Stone masonary 1:6 ( M3) | २८ प्रतिशत घटी | 64.8 | 12806 | 3586 | 232352.06 |
| **जम्मा** | | | | | | **252925.03** |
| | **कामको विवरण** | **ठेक्काको दर** | **माइ भगवति** | | | |

| क्रम संख्या | | | परिमाण | कोटेशनको दर | फरक दर | बढी रकम |
|---|---|---|---|---|---|---|
| १ | Earth filling ( M3) | 100 | 4.99 | 402 | 302 | 1506.98 |
| २ | Stone soiling( M3) | 2500 | 3.47 | 4787 | 2287 | 7935.89 |
| ३ | P.C.C1:3:6 ( M3) | 10000 | 1.73 | 14300 | 4300 | 7439.00 |
| ४ | Stone masonary 1:6 ( M3) | २८ प्रतिशत घटी | 52.8 | 12806 | 3585.68 | 189323.90 |
| ५ | brick masonary 1:4 | २८ प्रतिशत घटी | 3.39 | 23800 | 6664 | 22590.96 |
| **जम्मा** | | | | | | **228796.73** |
| **सि.न** | **कामको विवरण** | **ठेक्काको दर** | **इस्टर्न नेपाल** | | | |
| | | | **परिमाण** | **कोटेशनको दर** | **फरक दर** | **बढी रकम** |
| १ | Earth filling ( M3) | 100 | 1.55 | 4787 | 4687 | 7264.85 |
| २ | P.C.C1:3:6 ( M3) | 10000 | 0.78 | 14371 | 4371 | 3409.38 |
| ३ | Stone masonary 1:6 ( M3) | | 26.22 | 12807 | 3585.95 | 94023.61 |
| ४ | PCC 1:2:4 ( M3) | | 0.66 | 18642 | 5219.76 | 3445.04 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | Stell work for RCC (KG) | | 9.47 | 144 | 40.32 | 381.83 |
| **जम्मा** | | | | | | **108524.71** |
| **कुल जम्मा** | | | | | | **1782530.30** |

| | |
|---|---|
| अनियमित भएको | १७,८२,५३० |

८२ **१५ शैयाको अस्पताल निर्माण**

८२.१ पालिकाले १५ शैयाको अस्पताल निर्माण गर्न २०७८।२।२५ मा निर्माण व्यवसायी ओम वुद्ध आशिर्वाद स्वामी नारायण जे. भी. सँग रु.१३१७११०३५।०० (मूल्य अभिवृद्धि कर, पि एस सहित) २०८१।२।३ मा कार्य सम्पन्न गर्नेगरी सम्झौता गरी रु.१२००००००।०० पेश्की उपलब्ध गराएको पाइयो । लेखापरीक्षणको शिलशिलामा स्थलगत रुपमा अवलोकन गर्दा संरचना निर्माणको कार्य अगाडी वढेको पाइएन । निर्माण स्थलको अवस्था यस प्रकार रहेको पाइयो








| सैद्धान्तिक बेरुजु |
|---|

८२.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) मा सार्वजनिक निकायले दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए वमोजिम प्रत्येक रनिङ्ग वल वा अन्य विजकवाट कट्टा गर्नुपर्ने व्यवस्था छ । सोही नियमको उपनियम ६ मा निर्माण व्यवसायीले खरिद सम्झौता वमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधिभित्र सम्पादन नगरेको कारणले यस अनुसारको पेश्की फछ्र्यौट हुन नसकेमा सार्वजनिक निकायले वैंक जमानत वापतको रकम सम्वन्धित वैंकवाट प्राप्तगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । यसरी फछ्र्यौट गर्दा सयकडा दश प्रतिशत व्याज समेत असूल गर्नुपर्ने प्रावधान रहेको छ । निर्माण व्यवसायीले लगेको पेश्की रु.१२००००००। को कृषि विकास वैंकको पेश्की जमानतको म्याद समेत सकिने अवस्थामा पुग्दा पेश्की फछ्र्यौटको प्रकृया समेत अगाडी वढेको छैन ।तसर्थ निर्माण कार्य अगाडी वढ्न नसक्ने अवस्थामा खरिद नियमावलीमा भएको व्यवस्था अनुरुप पेश्की जमानतवाट पेश्की रकम असूल गरी फछ्र्यौट गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,२०,००,००० |
|---|---|

८२.३ विस्तृत परियोजना प्रतिवेदन समेत तयार गराई निर्माण कार्य शुरु भएको निर्माण स्थलको एक पट्टिको किनारावाट पानी उम्रीएको कारण जमिन भत्किएको अवस्था विद्यमान देखिन्छ । यसरी पानी उम्रीने स्थलमा निर्माण स्थल चयन गरिनाले विस्तृत परियोजना प्रतिवेदन नै वास्तविकता विश्लेषण गरी तयार भएको देखिएन । यसरी अस्पताल निर्माणको लागि प्रकृया अघि वढाउने जिम्मेवार पदाधिकारी तथा निर्माण कार्य नगर्ने निर्माण व्यवसायी जवाफदेही वन्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८३ **डम्वर सिंह सुनुवार वहुसाँस्कृतिक संग्रहालय** - संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम अन्तर्गत डम्वर सिंह सुनुवार वहु साँस्कृतिक संग्रहालय निर्माण गर्न रु.८८४९०७३।०० को लागत अनुमान तयार गरी ठेक्कापट्टाको माध्यमवाट इन्द्रजीत कन्स्ट्रक्सनले रु.६४११२०८।०० मा तोकिएको निर्माण कार्य समाप्त गरेकोमा स्थलगत अवलोकन गर्दा संग्रहालयको अवस्था यस प्रकार देखियो ।






यसरी सम्पूर्ण संरचना निर्माणको ठेक्का पट्टा नगरी विनियोजित वजेटको आधारमा सम्झौता गर्दा संरचना निर्माणको काम अलपत्र अवस्थामा रहेको पाइयो । पालिकाले संरचना निर्माण र उपयोगमा विशेष पहल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८४ **कभर्ड हल निर्माण** - कभर्ड हल निर्माण कार्यको लागि आर्थिक वर्ष २०७७।०७८ मा मिति २०७८।१।१६ मा निर्माण व्यवसायी बावरी निर्माण सेवासँग रु.४१९३८४३।५० वरावरको ठेक्का सम्झौता भएकोमा प्रथम रनिङ्ग विल वापत रु.१२०७०७१।३८ भुक्तानी भएको देखियो । सो निर्माण कार्य तलको चित्रमा देखाइए अनुसार अधुरै राखी निर्माण कार्य छाडेको देखियो । सम्वन्धित निर्माण व्यवसायीवाट सम्झौताको सर्त अनुसार हर्जना समेत असूल गरी निर्माण कार्यसम्पन्न गर्नुपर्दछ ।




सैद्धान्तिक बेरुजु

८५ **माईपोखरी जोरपोखरी एकीकृत पर्यटकीय पार्क**

८५. प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम अन्तर्गत माइपोखरी एकीकृत पर्यटकीय पार्क निर्माण गर्न भगवती
१ निर्माण सेवासँग २०७८।३।२७ मा भएको रु४१०७०४४८।९८ को सम्झौता अनुसार उक्त पार्क

२०८०।११।३० मा सम्पन्न गर्नेगरी सम्झौता भएको छ । पार्क निर्माणको वर्तमान अवस्था तलको चित्रवाट आँकलन गर्न सकिन्छ ।



सैद्धान्तिक बेरुजु

८५.२ निर्माण व्यवसायी भगवती निर्माण सेवाले २०८० आषाढ समान्तसम्म रु२६०२८७४४।४६ भुक्तानी लगेको देखिन्छ । सम्झौताको अवधि २५ प्रतिशत मात्र वाँकी रहेको अर्थात ७५ प्रतिशत समयावधि सकिएको अवस्थामा निर्माण व्यवसायीको भौतिक तथा वित्तीय प्रगति केवल ६३ प्रतिशत मात्र भएकोले समयमै कार्य सम्पन्न गर्न (Work Schedule) पहल गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८५.३ मिति २०८०।५।२९ गते उच्च पार्क निर्माण स्थलको फिल्ड अवलोकन गर्दा यस वर्ष भएको मूख्य कार्य PCC for RCC (M25) पर्खाल निर्माण गरी पोखरीको पानि ड्यामको रुपमा राख्ने उद्देश्यले रु१४१७५७५२।०० भुक्तानी भएकोमा उक्त Step Wall निर्माण पश्चात माइपोखरी जोर पोखरीमा पानीको सतह वढ्नु पर्नेमा Step Wall को पछाडिवाट पानी चित्रमा देखाइए जस्तै वगेकोले पानी ड्यामको रुपमा संचित हुने अवस्था देखिएन । सो कार्यमा तत्काल सुधार गरी पानी भरिने वातावरण तयार गर्न सम्वन्धित निर्माण व्यवसायी र जिम्मेवार पदाधिकारीलाई जवाफदेही तुल्याई उद्देश्य अनुरुप ड्यामवाट पानी वग्ने अवस्थालाई नियन्त्रण गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४१,७५,५५२ |

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: सन्दकपुर गाउँपालिका, इलाम , सन्दकपुर गाउँपालिका , इलाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | महेश राई | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | युवराज नेपाल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १३,४७१,५४८ | १६,५५६,७४७ | २०,८७०,४९५ | ० | ० | ६,६४८,७२२.६९ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५७,५४७,५१२.६९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३१९,९११ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५७,२२७,६०१.६९ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ९३७५९३३४.०५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २९७३७१४०० | **चालु खर्च** | ३०२७४०५७८.१ |
| **प्रदेश सरकारबाट अनुदान** | २६१९८१२५ | **पूँजीगत खर्च** | १५१२६६१४६.१९ |
| **राजश्व बाँडफाँट** | ६७०१११५८.६५ | **वित्तीय/अन्य व्यवस्था** | १०४२८१५३०.९३ |
| **आन्तरिक आय** | ७०३१००३.३६ | | |
| **अन्य आय** | ८२९६१०१२.८१ | | |
| **कुल आय** | ४८०५७२६९९.८२ | **कुल खर्च** | ५५८२८८२५५.२२ |
| **बाँकी मौज्दात** | | १६०४३७७८.६५ | |

**बेरूजु दफा ६७ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| योजनाको नाम | क्रियाकलाप | परिमाण | श्रमिक ज्याला बापतको रकम | जम्मा श्रमिक ज्याला बापतको रकम | निर्माण सामाग्री तथा औजार सहितको भुक्तानी रकम | भुक्तानी भएको जम्मा रकम | निर्माण सामाग्री तथा औजार बापतको रकम | निर्माण सामाग्री तथा औजारबापतको जम्मा रकम | शोधभर्ना हुनुपर्ने जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| वैराचोक भालुपानी सडक | माटो खन्ने काम | ३३ | २८९ | ९४७७ | २९७ | ९७६२ | ९ | २८४ | १७८३६३ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ६९ | ७२१ | ४९६५१ | ३३०८ | २२७७२९ | २५८७ | १७८०७८ | |
| पहरे भकारे सडक | माटो खन्ने काम | २६ | २८९ | ७४२६ | २९७ | ७६४९ | ९ | २२३ | २६६५६४ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | १०३ | ७२१ | ७४२६० | ३३०८ | ३४०६०१ | २५८७ | २६६३४१ | |
| पक्कु मिलन चोक लामा डाँडा सडक मर्मत | माटो खन्ने काम | ९० | २८९ | २५८३५ | २९७ | २६६११ | ९ | ७७६ | २९४२०१ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ११३ | ७२१ | ८१८११ | ३३०८ | ३७५२३७ | २५८७ | २९३४२५ | |
| कुवा गैरी मेघ बर्ने सडक मर्मत | माटो खन्ने काम | २८ | २८९ | ८००० | २९७ | ८२४० | ९ | २४० | १४३६८० |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ५५ | ७२१ | ३९९९३ | ३३०८ | १८३४३४ | २५८७ | १४३४४० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मझुवा पाहा खोला सडक मर्मत | माटो खन्ने काम | ५० | २८९ | १४३१० | २९७ | १४७३९ | ९ | ४३० | १२८७३७ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ५० | ७२१ | ३५७७४ | ३३०८ | १६४०८१ | २५८७ | १२८३०७ | |
| सानीमाई तिन महिने सडक | माटो खन्ने काम | ९८ | २८९ | २८१५८ | २९७ | २९००३ | ९ | ८४५ | २५१२५१ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ९७ | ७२१ | ६९८१७ | ३३०८ | ३२०२२३ | २५८७ | २५०४०६ | |
| सानीमाई छिर्लिङ्गे सडक | माटो खन्ने काम | २३१ | २८९ | ६६५१४ | २९७ | ६८५१० | ९ | १९९७ | ८४२५८ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ३२ | ७२१ | २२९३६ | ३३०८ | १०५१९७ | २५८७ | ८२२६२ | |
| आरुवोटे अधिकारी गाउँ मन्दिर चोक सडक | माटो खन्ने काम | ४९ | २८९ | १४१९१ | २९७ | १४६१७ | ९ | ४२६ | १७००७१ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ६६ | ७२१ | ४७३०० | ३३०८ | २१६९४५ | २५८७ | १६९६४५ | |
| कोकेटर मिरिक सडक | माटो खन्ने काम | ५० | २८९ | १४५४० | २९७ | १४९७७ | ९ | ४३६ | १७४२७२ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ६७ | ७२१ | ४८४६८ | ३३०८ | २२२३०४ | २५८७ | १७३८३६ | |
| वडा भवन गैरीगाउँ सडक | माटो खन्ने काम | ७३ | २८९ | २११६१ | २९७ | २१७९७ | ९ | ६३५ | २५३६२८ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ९८ | ७२१ | ७०५३८ | ३३०८ | ३२३५३१ | २५८७ | २५२९९३ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बौद्ध गुम्बा शेर्पे सडक | माटो खन्ने काम | ९० | २८९ | २५९७८ | २९७ | २६७५८ | ९ | ७८० | २९५८२७ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ११४ | ७२१ | ८२२६४ | ३३०८ | ३७७३११ | २५८७ | २९५०४७ | |
| तालगाउँ जिरे माईपोखरी पदमार्ग | माटो खन्ने काम | ३७१ | २८९ | १०६९२४ | ३५७ | १३२१५९ | ६८ | २५२३६ | ५७३६४ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | १२ | ७२१ | ८९५८ | ३३०८ | ४१०८६ | २५८७ | ३२१२९ | |
| लाली गुराँस काँक्रि सडक | माटो खन्ने काम | ३७ | २८९ | १०७७५ | २९७ | ११०९९ | ९ | ३२३ | १२९१४८ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ५० | ७२१ | ३५९१८ | ३३०८ | १६४७४३ | २५८७ | १२८८२५ | |
| चित्र देवी मार्ग सडक मर्मत | माटो खन्ने काम | ५० | २८९ | १४३१० | २९७ | १४७३९ | ९ | ४३० | १२८७३७ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ५० | ७२१ | ३५७७४ | ३३०८ | १६४०८१ | २५८७ | १२८३०७ | |
| गजुरमान चौतारा गोएले सडक | माटो खन्ने काम | ७० | २८९ | २०१२३ | २९७ | २०७२७ | ९ | ६०४ | २१७१२३ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ८४ | ७२१ | ६०३६९ | ३३०८ | २७६८८७ | २५८७ | २१६५१९ | |
| डाँडा घर खोपी सडक | माटो खन्ने काम | ४४ | २८९ | १२५९३ | २९७ | १२९७१ | ९ | ३७८ | १५०९३२ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ५८ | ७२१ | ४१९७७ | ३३०८ | १९२५३१ | २५८७ | १५०५५४ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सानीमाई चाँपगैरी सडक | माटो खन्ने काम | १२६ | २८९ | ३६३७७ | २९७ | ३७४६९ | ९ | १०९२ | १०७३८५ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ४१ | ७२१ | २९६३६ | ३३०८ | १३५९२९ | २५८७ | १०६२९३ | |
| माईपताल पुर्णेपोखरी चिज फ्याक्ट्री सडक | माटो खन्ने काम | ५० | २८९ | १४२८१ | २९७ | १४७०९ | ९ | ४२९ | १६९७६३ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ६५ | ७२१ | ४७२१३ | ३३०८ | २१६५४८ | २५८७ | १६९३३५ | |
| लुरीङ्टार माईपोखरी मङ्सीरे पदमार्ग | माटो खन्ने काम | ११७ | २८९ | ३३७४३ | ३५७ | ४१७०७ | ६८ | ७९६४ | १११४६३ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ४० | ७२१ | २८८५७ | ३३०८ | १३२३५७ | २५८७ | १०३४९९ | |
| आसीस चौतारा सरस्वती मा.वि ब्रिहत्तर सडक | माटो खन्ने काम | १४३ | २८९ | ४११४० | २९७ | ४२३७५ | ९ | १२३५ | १९८०९३ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ७६ | ७२१ | ५४८८७ | ३३०८ | २५१७४६ | २५८७ | १९६८५९ | |
| आहाले ईङ्ला सडक मर्मत | माटो खन्ने काम | ७ | २८९ | १९४७ | २९७ | २००६ | ९ | ५८ | १८३२०७ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ७१ | ७२१ | ५१०६५ | ३३०८ | २३४२१३ | २५८७ | १८३१४८ | |
| जोर पोखरी कँक्रि सडक | माटो खन्ने काम | ५२ | २८९ | १४९०४ | २९७ | १५३५१ | ९ | ४४७ | १७८६२९ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ६९ | ७२१ | ४९६८० | ३३०८ | २२७८६१ | २५८७ | १७८१८२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| टेके गोलाई राम खर्क सडक | माटो खन्ने काम | २८१ | २८९ | ८११३८ | २९७ | ८३५७३ | ९ | २४३६ | ४३५०५९ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | १६७ | ७२१ | १२०६२२ | ३३०८ | ५५३२४५ | २५८७ | ४३२६२३ | |
| रत्नौले भन्ज्याङ् खरखरे सडक | माटो खन्ने काम | ७१ | २८९ | २०५२७ | २९७ | २११४३ | ९ | ६१६ | ३५९३५९ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | १३९ | ७२१ | १०००२३ | ३३०८ | ४५८७६६ | २५८७ | ३५८७४३ | |
| भानु आ.बि लाली माझखर्क सडक | माटो खन्ने काम | ३७७ | २८९ | १०८६६१ | २९७ | १११९२२ | ९ | ३२६२ | १४२४०८ |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ५४ | ७२१ | ३८७९६ | ३३०८ | १७७९४२ | २५८७ | १३९१४६ | |
| केदार पाखा गाई खर्क सरस्वती आ.बि मारुने गिताङ्ग सडक | माटो खन्ने काम | २९९ | २८९ | ८६१८६ | २९७ | ८८७७४ | ९ | २५८७ | ७४७२४० |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | २४६ | ७२१ | १७७१२५ | ३३०८ | ८१२४०१ | २५८७ | ६३५२७६ | |
| | ग्रावेल लगाउने कार्य | ४३ | ७२१ | ३०६७५ | ३२९३ | १४००५२ | २५७२ | १०९३७७ | |
| पुवा गैरी मेघ बर्ने सडक | माटो खन्ने काम | २८ | २८९ | ८००० | २९७ | ८२४० | ९ | २४० | १४३६८० |
| | ढुङ्गा सोलिङ्ग गर्ने कार्य | ५५ | ७२१ | ३९९९३ | ३३०८ | १८३४३४ | २५८७ | १४३४४० | |
| | **जम्मा** | | | २४२१५९८ | | ८१२२०४० | | **५७००४४३** | **५७००४४३** |